
# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धनकुटा नगरपालिका
## धनकुटा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

धनकुटा नगरपालिका

धनकुटा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धनकुटा नगरपालिका

## धनकुटा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

२०८१।०२।१३ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. १०६

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

धनकुटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धनकुटा।

१. **कैफियत सहितको राय—** हामीले नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ६० लाख ८० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२ लाखको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू२० लाख, ८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १५ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २२ लाख ८७ हजार रहेको छ ।यस पालिकाको गतवर्ष सम्म रु.२० करोड १६ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२२ करोड ७४ लाख ९६ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका

लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा-** यो पालिकासँग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन ।

**३.१** यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

**३.२** आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ।यस नगरपालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

**धनकुटा नगरपालिका,**

धनकुटा जिल्ला,

**१. चालु वर्षको बेरुजु २०७९।८०**

**बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७६ | ५१ | २६०८० | ० | १ | २०० | ७६ | ५० | २५८८० | २००८ | १२२८७ | ११५८५ | ० | ० | २३८७२ | ० |

**२. अद्यावधिक बेरुजू स्थिति २०७९।८०** (रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धनकुटा | २०१६१६ | - | ० | २०१६१६ | ० | २५८८० | २२७४९६ |

**३. बेरुजु सम्परीक्षणको विवरण**

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८०** | | | |
| १ | | ५५.२ | जमानत जफत नगरेको | २००००० |
| | **गत विगत वर्षतर्फको** | | | ० |
| | **कुल जम्मा** | | | २००००० |

## परिचय

१ **पृष्ठभूमि**

**(क) धनकुटा नगरपालिकाको परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु धनकुटा नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, ११०.८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४ हजार १५६ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२६ देखि २०८०।६।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :- आर्थिक कारोबारको स्थितिः कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय — व्यय, प्राप्ती र भुक्तानीको स्थिति अनुसूची -१ मा संलग्न छ ।**

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **वित्तीय विवरण परीक्षण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसूची ३ मा छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ यस पालिकाले स्थानीय संञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरी पेश गरेकोमा ा बैंक बाँकी रकम रु.३६४९०२१८।७७ रहेको छ भने सुत्र (२७२) को प्रासी भुक्तानी विवरणको बर्षान्तको बाँकी रकम रु. ४३७४६५२६।७७ रहेकोले रु.७२५६३०८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलव्ध गराई सवै स्थानीय तहले Sub-national Treasury Regulatory Application (SuTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सो अनुसार सबै कारोबार सुत्रमा समावेश नभएको, त्यस्तै अनुसूचि १ देखी २४ सम्म आषाढ मसान्तको बैक अनुसार बाँकी समेत राखी अनुसूची पूर्ण रुपमा तयार नगरेको आदी कारणबाट वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले निम्नानुसारको कारोबार समेटेको देखिएन । तसर्थ यसमा भएका सबै कमजोरी सुधार गरी सबै आर्थिक कारोबारको यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ ।

| उपशिर्षकको विवरण | बजेट | यसवर्षकोखर्च |
|---|---|---|
| सामाजिक सुरक्षा कार्यक्रम | १२३९९८००० | १२१८५६६७४.८१ |
| गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६३००० | ४६३००० |
| जम्मा | १२४४६१००० | १२२३१९६७५ |

सैद्धान्तिक बेरुजु

२.४ धनकुटा नगर विकास समिति धनकुटातर्फ धनकुटा नगर विकास समितिको २०७९।८० को आय व्यय अनुसार नगर विकास समितितर्फ १ जना कर्मचारीको लागी रु २१८००० र भवन मर्मतमा रु २१३७०३।२२ खर्च गरेको छ भने बर्षभरिमा हलभाडा बापत रु ४४०००। मात्र आम्दानी गरेको छ ।

सैद्धान्तिक बेरुजु

२.५ कोषको विवरणः स्थानीय तहको कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । प्राप्ति भुक्तानी हिसाबको अनुसूचि १५ अनुसार नगरपालिकाको कोषहरुको अवस्था निम्न अनुसार रहेको देखिन्छ ।

| खातास मुह | कोष खाता | अ ल्या | यस वर्षको प्राप्ति | जम्मा | खर्च | बाँकी | बैंक स्टेटमेन्ट बाँकी |
|---|---|---|---|---|---|---|---|
| ग ७.२ | प्रकोप व्यवस्थापन कोष | ३७,०९१.५८ | ०.०० | ३७,०९१.५८ | ३५,००० | २,०९१.५८ | २,०९१.५८ |
| ग २-७ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कोष | २६,००८.०० | ३,८९३,३१६ | ३,९१९,३२४.०० | ३,८१७,९३७ | १०१,३८७.०० | १०१,३८७.०० |
| ग २-७ | नगर विकास कोष | ०.०० | ९,४६७,८०५ | ९,४६७,८०५.०० | ९,४६७,८०५ | ०.०० | ०.०० |
| ग २-७ | मुलघाटचुलिवन पदमार्ग | ०.०० | १,४३५,५०० | १,४३५,५००.०० | १,४३५,५०० | ०.०० | ०.०० |
| ग ५.१ | कर्मचारी कल्याण कोष | ७,१६९,६४१.३१ | २,३००,००० | ९,४६९,६४१.३१ | ९,४६७,५७२ | २,०६९.३१ | २,०६९.३१ |
| ग ५.१ | मर्मत संभार कोष | ९३९,९८५.५९ | १,५३७,४६२ | २,४७७,४४७.५९ | २,०६७,३३९ | ४१०,१०८.५९ | ४१०,१०८.५९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ग ५.१ | वातावरण व्यवस्थापन कोष | १४६,५९८.८४ | ३४७,४२३ | ४९४,०२१.८४ | १००,१३७ | ३९३,८८४.८४ | ३९३,८८४.८४ |
| ग ५.१ | मानव संशाधन विकास कोष | ३,३४०.०० | ०.०० | ३,३४०.०० | ०.०० | ३,३४०.०० | ३,३४०.०० |
| ग ५.१ | महिला तथा बालबालिका कोष | ०.०० | ५०,००० | ५०,०००.०० | ०.०० | ५०,०००.०० | ५०,०००.०० |
| | **जम्मा** | **८,३२२,६६५.३२** | **१९,०३१,५०६** | **२७,३५४,१७१.३२** | **२६,३९१,२९०** | **९६२,८८१.३२** | **९६२,८८१.३२** |

सैद्धान्तिक बेरुजु

## ३ बजेट तथा कार्यक्रम

३.१ क्षेत्रगत बजेट र खर्चः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मूख्य क्षेत्र** | **वार्षिक बजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ४,१३,१७,००० | ३,५६,०३,३०९.६६ | ८६.१७ |
| सामाजिक क्षेत्र | ३३,९७,५७,००० | ३१,६५,५४,१५९.६० | ९३.१७ |
| पूर्वाधार विकास क्षेत्र | १९,९२,४५,०५२ | १४,०२,८५,४९९ | ७०.४१ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३१,१७,००० | ९८,८१,२१९.२० | ७५.३३ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १६,४७,२९,००० | १३,४०,१५,७७९.३२ | ८१.३६ |
| **जम्मा** | **७५,८१,६५,०५२** | **६३,६३,३९,९६६.७८** | **८३.९३** |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ९३.१७ प्रतिशत र सबैभन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ७५.३३ प्रतिशत खर्च भएको छ

। मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३. आवधिक योजनाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार
२ क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३. आयोजना प्राथमिकिरणः स्थानीय तहको बजेट तर्जुमा कार्यलाई व्यवस्थित गर्न राष्ट्रिय योजना आयोगले
३ स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन तर्जुमा गरी जारी गरेको छ । स्थानीय तहमा टोल वस्ती स्तरबाट आयोजनाको संकलन गरी तीनलाई विभिन्न सूचकका आधारमा अंकभार दिई प्राथमिकीकरण गर्नुपर्ने र बढी प्राथमिकता प्राप्त आयोजनाहरूलाई स्रोत उपलब्धताका आधारमा बजेट विनियोजन गर्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले वार्षिक बजेट तर्जुमा गर्दा छनौट गरेका आयोजना तथा कृयाकलापहरुको प्राथमिकीकरण गरेको छैन । यसबाट कम प्राथमिकता प्राप्त आयोजनालाई बजेट विनियोजन हुने र बढी प्राथमिकता प्राप्त आयोजनालाई बजेट विनियोजन नहुने अवस्था रहन सक्ने देखिन्छ । बजेट तर्जुमा गर्दा आयोजनाको प्राथमिकीकरण गर्ने गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३. बजेट पेश, पारीत र अख्तियारीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले
४ आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख ले २०७९।०३।१० गते रु. ६८ करोड ७० लाख ६९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७९।०३।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत
५ भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पुंजिगत | २०,६१,९३ | २,६३,७४ | ४,२९,९८ | १३,६८,२१ | ४,६२,७३ |
| | **खर्च प्रतिशत** | **१००.००** | **१२.७९** | **२०.८५** | **६६.३६** | **२२.४४** |

आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.२० करोड ६४ लाख भएकोमा प्रथम चौमासिकमा रु.२ करोड ६४ लाख, दोस्रो चौमासिकमा रु. ४ करोड ३० लाख, तेस्रो चौमासिकमा रु.१३ करोड ६८ लाख र असार महिनामा मात्रै रु.४ करोड ६३ लाख खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।यसरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.२० करोड ६१ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन । तयसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.६ साना / टुक्रे योजना छनौट र कार्यान्वयन- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामुलक,उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बाषिर्क योजना २०७८।७९ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना वडागत रुपमा बनाइएका तथा न्युन बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाख सम्म | रु २ लाख देखि ५ लाख सम्म | रु ५ लाख देखि १० लाख सम्म | रु १० लाख बढीका | जम्मा |
|---|---|---|---|---|---|
| २५ | ५३३ | ३७ | २० | २२ | ६३७ |

उल्लिखित विवरण अनुसार नगरपालिकाले यस बर्ष रु १० लाख भन्दामुनीका ६१५ वटा योजना र १० लाखभन्दा माथिका २२ वटा योजना रहेका छन् । साना रकमका धेरै योजना सञ्लान गर्दा कार्यालयका जनशति बर्षैभरी योजना व्यवस्थापन खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई

लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.७ अबण्डा बजेटः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो बर्ष निश्चित कार्यक्रम नतोकि विविध तथा आकस्मिक शीर्षकमा वडाले खर्च गर्ने गरी देहायबमोजिम अबण्डा राखेको छ । यसरी बजेट अबण्डामा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| खर्च शिर्षक | वडा | खर्च रकम |
|---|---|---|
| आकस्मिक वजेट- वडा समितिको निर्णय अनुसार चालु खर्च तर्फ | १ | ३,००,०००.०० |
| विविध तथा आकस्मिक कोष- चालु तर्फ | ३ | २,००,०००.०० |
| विविध वडाको निर्णय अनुसार- चालु प्रकृतिका कार्यक्रम संचालन खर्च | ५ | २,३८,०००.०० |
| अन्य सार्वजनिक निर्माण आकस्मिक योजना तथा मर्मत संभार वडाको निर्णयानुसार- चालु विविध | ७ | १,४०,०००.०० |

सैद्धान्तिक बेरुजु

## ४ आन्तरिक नियन्त्रण प्रणाली

४.१ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• नीति तथा कार्यक्रमको बजेट सिलिङ्ग स्वीकृतिमा कार्यापालिका सदस्यको सिफारिसमा सञ्चालन हुने योजना भनि रु २४००००० व्यय अनुमान गरेको छ । यसमा सुधार हुनुपर्दछ ।

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको खरिद व्यवस्थापन तर्फ

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य नभएको

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

विविध तर्फ

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्र्छौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको देखियो।

सैद्धान्तिक बेरुजु

४.२ **भ्रमण खर्चः** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ र भ्रमण खर्च नियमावली २०६४ मा भ्रमण आदेश स्वीकृत गर्दा भ्रमणको उद्देश्य,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्ने र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलव्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारी भ्रमण खर्चमा रु २३,६३,१०६.०० खर्च गरेकोमा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य स्पष्ट नभएको, कर्मचारीको नियमित काममा समेत भ्रमण भत्ता प्रदान गरेको, भ्रमण अभिलेख व्यवस्थित रुपमा नराखिएको र भ्रमणबाट प्राप्त उपलव्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन पेश भएको छैन । ऐनको व्यवस्था अनुसार भ्रमण किफायति, उद्देश्यमुलक तथा आवश्यकता परेमा आदेश गर्ने तथा भ्रमण प्रतिवेदन पेश गर्ने गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४.३ **मर्मत खर्चः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ अनुसार कार्यालयले कुनै पनि मालसामानको मर्मत गर्नुपर्दा कार्यालय प्रमुखलाई लिखित जानकारी दिइ मर्मत आदेश तयार गर्ने, सोको लागत अनुमान तयार गर्ने र सो स्वीकृत भए पश्चात नियमावलीमा भएको व्यवस्था बमोजिम मालसामान मर्मत गरी पाँच हजार भन्दा बढी मूल्य पर्ने उपकरण वा पाटपूर्जाको अभिलेख राख्नुपर्ने र त्यस्ता पाटपूर्जा उपकरण प्राविधिकबाट प्रमाणित गराई नियमानुसार जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न सवारी साधन र इलेक्ट्रोनिक्स सामाग्रीको मर्मत गर्दा लागत अनुमान वेगर फर्मको बिलका आधारमा सवारी साधन मर्मत खर्च शिर्षकबाट रु. ६५,००,२९०.३०, मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च शिर्षकबाट रु. २,२२,४३८.८० गरी जम्मा रु. ६७,२२,७२९।१० खर्च गरेको छ । कार्यालयबाट उपलब्ध मर्मत अभिलेखबाट निम्न खर्च विवरण प्राप्त भयो । सबै सवारीसाधनको कार्यालयले मर्मत सम्भार अभिलेख नराखी खर्च गरेकोले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । कार्यालयबाट पेश भएको मर्मत अभिलेखबाट देहायको सवारी साधनको मर्मत खर्च देखिएको छ । अन्य सवारीसाधनको समेत अभिलेख राखी मर्मत खर्चमा मितव्ययिता अप्नाउनुपर्ने देखिन्छ ।

| सवारीको किसिम | सवारी नं | मर्मत खर्च |
|---|---|---|
| एम्बुलेन्स | प्र १०२००१ झ ०७५८ | २३५४१०।२० |

| | | |
|---|---|---|
| एम्बुलेन्स | बा २ झ ४०१२ | ६०७३५८।५५ |
| बलेरो जीप | को २ झ ५०४ | १६४६२५०।२२ |
| स्कोपियो | प्र १०२००१ झ ०७०९ | १९९९७३९।५९ |
| बलेरो जीप | को १ झ ५८४ | ११६२७०९।७८ |
| टयाक्टर | को १ द १९६० | ६९९९१८।१८ |
| टयाक्टर | को १ द ९०१८ | ३०८६३० |
| टयाक्टर | मे १ त ४२९२ | ३३२८००।७० |
| दमकल | प्र १०४००१ ग ०००३ | ९३१९६ |

**स्पेयर पार्टसको दाखिलाः** मालसामानको मर्मत तथा सर्भिसिङ गराउँदा प्रतिईकाई मूल्य ५ हजार भन्दा वढि पर्ने उपकरण वा पार्टपुर्जा फेरवदल/ प्रतिस्थापन गरेको भए त्यस्तो सामानको प्राविधिकवाट जाँच गराई म.ले.प.फा.न. ४१४ को ढाँचामा अभिलेख राख्नुपर्दछ। यस पालिकाले चारपाग्रें गाडी, एम्बुलेन्स जस्ता सवारी साधनको मर्मत तथा पार्टपुर्जा फेरवदल/ प्रतिस्थापन गर्दा उक्त सामानको जिन्सि दाखिला गरेको देखिदैन।पालिकाले कानुनमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ। नमूना परीक्षण गर्दा निम्न पाट्र्सको दाखिला नगरी भुक्तानी भएको छ ।

| **गाडी नं** | **पाट्‍र्स** | **रकम** |
|---|---|---|
| को १ झ ५०४ | ब्रेक फंसन | १५३७५ |
| | क्लच प्लेट | १०६९२ |
| | प्रेसर प्लेट | १४७८४ |
| | मेन साफ्ट | २०९१२ |
| | किट एमडि गेर | २१२३४ |
| | काउन्टर साफ्ट एसे | २४२७८ |
| | फ्युल टयाङ | २०९१२ |
| | नोजाल किट | २२२०८ |
| को १ झ ५८४ | एयर कन्डिसनर | ३७४१२ |

सैद्धान्तिक बेरुजु

४. सूचना प्रविधी पद्दतिः पालिकाअन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको सूचना प्रविधी नियन्त्रण वातावरणका
४ सम्बन्धमा परीक्षण गर्दा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नदेखिएको र

कार्यालयको नियन्त्रणमा नरहेको, म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नभएको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको नदेखिको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको जानकारी सूचना प्रविधि शाखासँगको छलफलमा बाट आएको छ । पालिकाले सूचना प्रविधिको उपयोग तथा सरकारी सूचनाको भण्डारण,सूरक्षा र उपयोग सम्बन्धमा उपयुक्त सूचना प्रविधि उयपोग सम्बन्धी कार्यविधि तथा नियन्त्रण वातावरण तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४. बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा
५ निम्नानुसार मूल्याङ्कन गर्नेः म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको देखिएन । म. ले. प. फाराम ८०१, बेरुजु लगत, म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३, बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख लगायत म. ले. प. फाराम अद्यावधिक नरहेको देखियो। तोकिएका म.ले.प. फाराम प्रयोग गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५ **सेवा प्रवाह विवरण** -सेवाप्रवाह विवरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले प्रदान गर्ने सेवाको वार्षिक लक्ष्य तथा प्रगतीको एकीकृत तथ्याङ्क तयार नगरेको, पालिकाले प्रयोगमा ल्याएको सूचना प्रविधि प्रणालीमा आधारित सेवाहरुको मात्र अभिलेख उपलब्ध हुने हुँदा समग्र सेवा प्रवाह विश्लेषण गर्न सकिएन । पालिकाले प्रदान गर्न सेवाहरु मध्ये पञ्जिकरण सेवा वाहेक पूर्वाधार तर्फको विकास निमार्ण सुस्त देखिएकोले उल्लेख्य सुधार गर्नुपर्ने देखिन्छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ११० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ६५९ |
| मृत्युदर्ता | २३४ |
| बसाईसराई दर्ता- आएको | १४३ |
| बसाईसराई दर्ता- गएको | १८३ |

| | |
|---|---|
| विवाह दर्ता | २८३ |
| सम्बन्धविच्छेद दर्ता | ३९ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० किमि |
| कालोपत्रे सडक मर्मत | ०.५ किमि |
| ग्राभेल सडक निर्माण | २.५ किमि |
| ग्राभेल सडक मर्मत | १.५ किमि |

सैद्धान्तिक बेरुजु

## ६ कानून निर्माण एवं कार्यान्वयन

६.१ कानून निर्माणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म निम्नानुसार कानूनहरु बनाएको छ ।

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | नर्म्स | जम्मा |
|---|---|---|---|---|---|---|
| लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या | २३ | ८ | २६ | ५ | ६ | ६८ |

सैद्धान्तिक बेरुजु

६.२ न्यायिक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ६९ वटा दर्ता भएकोमा ६५ वटा फछ्र्यौट भइ ४ वटा फर्स्योट हुन बाँकी छ ।

सैद्धान्तिक बेरुजु

## ७ सम्पत्ति उपयोग र संरक्षण

७.१ सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस

पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७. सार्वजनिक जग्गा र सम्पत्तिको अभिलेखः स्थानीय सरकार संचालन ऐन २०७४, को परिच्छेद ३ दफा ११
२ मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था बमोजिम नगरपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखि अद्यावधिक गर्नुपर्ने, सम्पत्तिको संरक्षण र उपयोग नीति मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । नगरपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको, सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको पाईएन । साथै सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको सम्बन्धमा अनुगमन हुने गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

७. जिन्सी व्यवस्थापन प्रणालीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५
३ मा कार्यालयले आफ्नो कार्यालयमा प्राप्त भएका सम्पत्ति तथा जिन्सी मालसमानको लगत तयार गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न खरिद प्रकृया , हस्तान्तरण विधि र अन्य तरिकाबाट प्राप्त भएका जिन्सी मालसमानको विवरण अद्यावधिक तथा बर्गिकरण गरि खप्ने र नखप्ने जिन्सी खातामा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबट जारी भएको परिपत्र अनुसार सबै सरकारी कार्यालयहरुले आर्थिक वर्ष २०७७।७८ सम्म सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग गर्नु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाको कार्यालयले लेखापरीक्षण अवधि सम्म पनि सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) मा जिन्सी व्यवस्थापन गरेको देखिएन। अतः जिन्सी मालसमान PAMS मा इन्ट्री गरी एकिकृत विवरण तयार गरी अद्यावधिक गर्नु पर्ने देखिन्छ । साथै, जिन्सी सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल बमोजिम रहेका छन् ।

- पालिकाले एकिकृत जिन्सी खाता राखेको देखिएन ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खातामा अद्यावधिक गरेको देखिएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा मर्मत तथा लिलाम गरेको देखिएन ।
- व्यक्तिगत जिन्सी खाता अद्यावधिक गरेको देखिएन ।
- पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

सैद्धान्तिक बेरुजु

७. जिन्सीको व्यक्तिगत अभिलेख खाताः प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि सम्बन्धी निर्देशिका
४ २०७५ को बुँदा नं. १८ मा जिन्सी व्यवस्थापन सम्बन्धी मापदण्डको व्यवस्था छ । उक्त व्यवस्था अनुसार

अनुसूची १ बमोजिमको ढाँचामा जिन्सी सामग्री प्रयोग गर्ने कर्मचारी वा पदाधिकारीको नाम श्रेणी, पद जिन्सी सामाग्रीको नाम र प्रकार, मूल्य, जिन्सी सामाग्री बुझिलिनेको हस्ताक्षर र मिति सहितको अभिलेख राख्नु पर्ने र सरुवा वा पदमुक्त भई जाँदा बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी सामाग्री प्रयोगको व्यक्तिगत अभिलेख खाता राखेतापनी निर्देशिकाले तोकेबमोजिमको ढाँचामा सामान बुझेको र फिर्ता गरेको मिति समेत देखिने गरी अभिलेख राखी खाता अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७. घर जग्गाको लगत अध्यावधिक नगरेको : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७
५ को नियम १०२ अनुसार कार्यालय बसेको तथा अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाचामा राख्नु पर्ने व्यवस्था गरेता सो अनुसारको लगत अध्यावधिक गरेको र सोको जानकारी तोकिएका निकायमा दिएको नदेखिएकोले नियमको पालना नगर्ने उपर आवस्यक कारवाहि हुनु पर्दछ ।

लिलामको कारवाही : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०६ (१) अनुसार कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिबेदनमा लिलाम बिक्री गर्नपर्ने सामानको लागि प्रतिवेदन प्राप्त भएको एक महिना भित्र कारवाहिको प्रक्रिया अगाडी बढाउनु पर्ने व्यवस्था गरेता पनि प्रतिवेदनमा उल्लेखित टेबल २ थान, सेमिनार कुर्सी ३०, आराम चियर ५, कम्प्युटर १० मोटरसाइकल १० लगायतका विभिन्न १४८ सामाग्री लिलाम गर्न सिफारिस भएता पनि सोको कारवाहि लेखापरीक्षण अवधिसम्म सुरु भएको नदेखिएकोले यसवाट सरकारी राजश्वमा दिन प्रतिदिन ह्रास आईरहेकोले नियमको पालनाको हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७. मर्मत र लिलाम बिक्रिः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा
६ कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसमानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने व्यवस्था छ। कार्यालयले स्वीकृत ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन । सोहि नियमको उप नियम (४) मा प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले लिलाम बिक्री गर्नु पर्ने सम्पति तथा जिन्सी मालसमानको हकमा नियम १०६ बमोजिम लिलाम बिक्रि गर्ने र मर्मत सम्भार गर्नु पर्ने मालसमानको हकमा तीन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ। कार्यालयबाट तयार गरिएको जिन्सी निरीक्षण फाराममा मर्मत गर्नुपर्ने भनि औल्याएका जिन्सी मालसमान कम्प्युटर १०, प्रिन्टर १०, घुम्ने कुर्सी १५ वटा लगायत ५४ सामाग्रीहरु जिन्सी समान बिग्रिएको भनि उल्लेख गरिएको छ । उपरोक्त जिन्सी मालसमानहरुको भौतिक अवस्था परीक्षण गरी नियमावलीमा तोकिएको अवधिभित्र लिलाम बिक्रि र मर्मत गर्नुपर्ने समानको हकमा मर्मत गरी जिन्सी अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **विविध खर्च**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकाले रु १७,२३,११६ र वडातर्फ रु १८,२६,७१० कुल रु.३५,४९,८२६/-

खर्च गरेको पाइयो । यसमा सुधार हुनुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले विविध खर्च लेख्दा प्रयोजन नखुलाई खाजा खाना शिर्षकमा खर्च गर्नुका अतिरिक्त वडाबाट संचालित विभिन्न कार्यक्रममा अत्याधिक खाना खाजामा बिल पेश गरी वडा सचिवले भुक्तानी लिने गरिएकोले पालिकाले मितव्ययी रुपमा विविध खर्च गर्दै यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले यो वर्ष बिभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ३१२९७०० राष्ट्रिय व्यक्तित्व र विपन्न नागरिक स्वास्थ्य उपचार कार्यक्रम, अन्य सामाजिक सहायता- पालिका स्तरबाट वडास्तर बजेट शिर्षकहरुबाट आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि तयार नगरेको, आर्थिक सहायता प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख नराखेको, नगरपालिका मेयर र वडाअध्यक्षको तोकआदेशका आधारमा सहायता प्रदान गर्ने गरेको पाइयो । वडावाट समेत आर्थिक सहायता प्रदान गर्दा वडासचिवले पेश्की लिई आर्थिक सहायता प्रदान गर्ने गरेको देखियो । यसवाहेक विपद् व्यवस्थापन, वडा आकस्मिक कोषबाट समेत आर्थिक सहायता वितरण गरेकोमा सो राहत तथा विपद पिडितका लागि भएको यकिन गर्न सकिएन । आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार गरी एकद्वार विधिबाट सम्बन्धित लाभग्राहीको खातामा भुक्तानी हुने व्यवस्था मिलाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. २४,८०,७८०.०० भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **धरौटी मौज्दात** - पालिकाले पेश गरेको विवरण अनुसार गत वर्षको वैंक मौज्दात रू ८९,३१,३१८.६१ रहेकोमा यस वर्षको आम्दानी ४३,३१,३१७.०० गरी जम्मा आम्दानी रू १,३२,६२,६३५.६१ भएकोमा यस वर्ष फिर्ता खर्च १,५०,०००.०० भई रू १,३१,१२,६३५.६१ देखिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६ मा धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम सम्बन्धी कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन कार्यालयमा निवेदन दिनुपर्ने र सो अवधिमा फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कारवाही अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । प्रयोजन

सकिएको धरौटी विगतदेखि जिम्मेवारी सर्दै आएकोले नियमको प्रकृया अपनाई धरौटी रकम राजश्वमा आम्दानी बाँध्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२ **म्याद ननाघेको पेश्की** - सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्यौंट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहति के के बापत पेश्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । सुत्रमा अभिलेख भएको फछ्यौंट गर्न बाँकी पेश्कीको मास्केबारी (म.ले.प.फा.नं.२११) तथा खर्चको फाँटवारी (म.ले.प.फा.नं.२१०) अनुसार वर्षान्तमा फछ्यौंट नभएकाले नियमानुसार फछ्यौंट हुनुपर्ने देखिन्छ ।

| पेश्की पाउनेको नाम | पेश्कीको प्रयोजन | पेश्की रकम |
|---|---|---|
| महालक्ष्मी कन्स्ट्रक्सन | धनकुटा नगरपालिका १,३,४,५,६,७,८ र १० मा कार्यालय भवन निर्माण | ७६००००.०० |

सैद्धान्तिक बेरुजु

१३ **कार्यक्रम अभिलेख खाता** - सार्वजनिक गोष्ठी, सार्वजनिक रुपमा दिइने आय आर्जन, सीप विकास, सशक्तिकरण, चेतना जागरण जस्ता तालिम सञ्चालन, चेतनामूलक सूचना/विज्ञापन/रेडीयो कार्यक्रम जस्ता कार्यमा खर्च शिर्षक नं २२५०० कार्यक्रम सम्बन्धी खर्च शीर्षकवाट यस वर्ष नगरपालिका चालु तर्फ रु. २,९७,८८,८८५.०० (सशर्त अनुदानबाहेक) खर्च भएको देखिन्छ । यस्ता क्रियाकलापमा खर्च गर्दा भएको खर्च र उपलब्धि देखिने गरी कार्यक्रम अभिलेख खाता राख्ने गरेको छैन । कार्यक्रम अभिलेख खाता नराखेको कारण खर्च रकमबाट प्राप्त उपलव्धी मापन गर्न सकिने आधार भएन । त्यसैले यस्ता कार्यक्रम सञ्चालन गरी खर्च गर्दा खर्च र उपलव्धी स्पष्ट देखिनेगरी अभिलेख राख्नु पर्दछ । साथै, वडाबाट समेत कार्यक्रम बजेट छुटयाई खर्च गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट संशोधन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले हिउँदे नगरसभावाट संशोधन गरेको तथा रकमान्तर गरेको रकमहरू सुत्रमा प्रविष्टि गरेको देखिएन । संशोधन गरेको कार्यक्रमहरु अद्यावधिक नगरी पहिला नै प्रविष्टि भएको कार्यक्रम तथा शिर्षकवाट खर्च लेखी दोस्रो नगरसभावाट पारित योजनाहरुको खर्च गरेको हुँदा सभावाट स्वीकृत कार्यक्रमहरु सोही कार्यक्रम तथा शिर्षकवाट खर्च लेख्ने र बजेटको सिमा ननाघी खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **शिर्षक फरक पारी खर्च** - स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा नगरपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । नगरपालिकाले नियमानुसार खर्च भुक्तानी गर्दा फरक खर्च शिर्षकबाट भुक्तानी गरेको पाइयो । नमूना परीक्षण गर्दा रकम भुक्तानी गर्नु अघि रकमान्तर समेत नगराइ देहाय अनुसार फरक खर्च शीर्षकबाट भुक्तानी गर्ने कार्य नियमसम्मत भएन रु.

| भौ र मिति | भएको शिर्षक | हुनुपर्ने | रकम | खर्च विवरण |
|---|---|---|---|---|
| १६५।७।४ | पारिश्रमिक कर्मचारी | विविध | १५३४३० | विविध विल भुक्तानी |
| १६८।७।६ | पारिश्रमिक कर्मचारी | विविध | १२७०० | विविध विल भुक्तानी |
| विविध विल भुक्तानी१९६।७।२९ | भ्रमण खर्च | मसलन्द | २७४७०३ | मसलन्द सप्लायर्सलाई भुक्तानी |
| ५६।३।११ | धनकुटा नपा वडा कार्यालय भवन | कार्यक्रम शिर्षक | २००००० | संस्थालाई अनुदान निकासा |

| | |
|---|---|
| अनियमित भएको | ६,४०,८३३ |

१६ **वितरणमुखी कार्यक्रम** - पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रपोजलका आधारमा नगरपालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सिर्जना नहुने प्रकृतिका कार्यक्रम जुन वितरणमुखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरूत्साहित गर्न आवश्यक देखिन्छ । ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत देखिदैन । नमुना छनौटको आधारमा परीक्षण गर्दा यस पालिकाले लक्षित समूह कार्यक्रम र पुँजीगत खर्च शिर्षकबाट तिज विशेष कार्यक्रम तर्फ रु.७४५०००, सांस्कृतिक कार्यक्रम तथा सामाग्री खरिद तर्फ रु.१५६८२१७ र जेष्ठ नागरिक कार्यक्रमतर्फ रु.४८७००० गरी जम्मा रु.२८००२१७.०० खर्च गरेको र वितरण गरेका बिभिन्न सामग्रीहरू सम्बन्धित संस्थाले दाखिला गरेको प्रमाण समेत संलग्न गरेको नदेखिएकोले कानुनको परिपालना भएको देखिएन । पुँजीगत बजेटबाट वितरणमुखी कार्यमा खर्च गरेको मनासिव देखिदैन ।

तिज विशेष कार्यक्रम तर्फ

| भौ र मिति | भुक्तानी पाउने | शिर्षक | रकम |
|---|---|---|---|
| ७४६।१।२४ | पारालिगल सहयोग समिति | न्यायिक समिति- प्रशासनिक खर्च, मेलमिलाप समिति व्ववस्थापन र विभिन्न कार्यक्रम | ७७००० |

| | | | |
|---|---|---|---|
| ७०।५।३१ | शिवशक्ति कृतन समूह | महिला सशक्तिकरण | २५००० |
| १४२।६।१४ | तल्लो कोप्चे टोलबस्ती संगठन | जेष्ठ नागरिक महिला जनजाति कार्यक्रम | १५०००० |
| २१६।८।९ | तामाङ पत्रकार संघ जिल्ला समिति | आकस्मिक बजेट वडासमिति | २५००० |
| २३१।८।१२ | बसुन्धारा महिला कृषि सहकारी संस्था लि | बसुन्धरा महिला सहकारीद्वारा वडास्तरीय तिज विशेष कार्यक्रम | १००००० |
| २९४।८।२१ | मातृभूमी महिला समाज | संघ संस्था साझेदारी | ३५००० |
| ०९।०७९।०५।२७ | सुनगाभा महिला कृषक समूह | तीजको दर कायक्रम | २५००० |
| १०।०७९।०५।३० | ब्रहमकुमारी राजयोग सेवा केन्द्र | हरितालिका तीज कार्यक्रम | ५०००० |
| जम्मा | | | ४१०००० |

सांस्कृतिक कार्यक्रम तर्फ

| **गो.भौ.नं./मिति** | **योजना/कार्यक्रम** | **कार्यक्रम** | **रकम** |
|---|---|---|---|
| ०६।०७९।०५।२६ | महिला वहुउद्देश्य सहकारी संस्था | पुजा सामाग्री खरिद तथा तीजको दर कार्यक्रम | १००२१७ |
| ११।०७९।०५।३० | त्रिवेणी नाट्य वराह डान्स सेन्टर | सामाग्री खरिद | १००००० |
| ६८।०७९।०८।२० | मार्गादिवी मन्दिर गुठी संरक्षण तथा विकास समिति | पूजा सामाग्री | १५०००० |
| ९१।०७९।०९।११ | खुवापानी ख टोल वस्ती समूह | फर्निचर खरिद | ४८००० |
| १३२।०७९।१०।०४ | सामुदायीक दानावारी भवन | फर्निचर। फर्निसिङ | १७०००० |
| ३८९।०८०।१।२८ | धर्मगंगा तथा कैलाशनाथ धाम विकास समिति | पुजा सामाग्री | ३५००० |
| ४३३।०८०।०२।०७ | नेपाल तामाङ घेदुङ संघ नगर समिति | नयाँ वर्ष शुभकामना आदन प्रदान | ३५००० |

| | | | |
|---|---|---|---|
| ४६७।८०८०।२।२९ | हिले ब्याडमिन्टन क्लब | सास्कृतिक साँझ कायक्रम | ३००००० |
| ४४४।०८०।०२।०७ | पारिपात्ले धर्मशाला टोल | नौमती बाजा खरिद | १५०००० |
| ४७४।०८०।०२।३१ | सामाजिक विकासका लागि युवाहरुको प्रयास | कोप्चे फेस्टिबल | १००००० |
| ५९८।११।२३ | सामाजिक कल्याणका लागि प्रभावकारी समूहलाई दलित लक्षित कार्यक्रममा सामाग्री वितरण | सामाग्री | १००००० |
| ६००।११।२३ | रामेश्वर शिवालय व्यवस्थापन समितिलाई भजन किर्तन कार्यक्रम | सामाग्री | ५५००० |
| ५२५।१०।२० | तम्बा सङ्घ नेपाल | सामाग्री | २५००० |
| ५७२।११।१० | नेपाल रेडक्रम सोसाइटी | सामाग्री | १००००० |
| ५३७।१०।२६ | जलकन्या आमा समूह | सामाग्री | १००००० |
| | जम्मा | | १५६८२१७ |

जेष्ठ नागरिक कार्यक्रम तर्फ

| भौ र मिति | कार्यक्रम | भुक्तानी | विनियोजन | खर्च |
|---|---|---|---|---|
| ७३४-१।१४ | जेष्ठ नागरिक क्षमता अभिवृद्धि कार्यक्रम | जेष्ठनागरिक संघलाई अवलोकन भ्रमण वडा नं ८ | ५०००० | ५०००० |
| ७८७-२।४ | जेष्ठ नागरिक तिर्थ कार्यक्रम | जेष्ठनागरिक संघ १० लाई जेष्ठनागरिक तिर्थ यात्रावापत भुक्तानी | १००००० | ८०,०००.०० |
| ५६०-११।०४ | जेष्ठ नागरिक दिवा सेवा कार्यक्रम | वडा नं ४ | २५,०००.०० | २५,०००.०० |
| १४२, १९२, २४०, ६१४ | जेष्ठ नागरिक, महिला, जनजाति कार्यक्रम | वडा नं ५ | ३,००,०००.०० | ३,००,०००.०० |
| ४८४,४८५ ४८६, ५०१ | ज्येष्ठ नागरिक एकल महिला तथा अपांगता सहयोग कार्यक्रम | वडा नं १ | २,००,०००.०० | ५०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ५३१, ८५४ | ज्येष्ठ नागरिक कार्यक्रम | वडा नं ६ | १,००,०००.०० | ९०,०००.०० |
| ७९५ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | वडा नं ९ | ५०,०००.०० | ५०,०००.०० |
| | **जम्मा** | | | ६४५००० |

सैद्धान्तिक बेरुजु

१७ **ईन्धन खर्च** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । यस कार्यालयमा चार पाङ्ग्रे ३ वटा, एम्बुलेन्स २ वटा, दमकल २ वटा, कम्प्याकटर १ वटा, ट्याकटर ३ वटा, र मोटरसाइकल २४, स्कुटर ६ वटा भएकोमा कार्यालयमा पदाधिकारीका लागि रु ३७,२५,०००।०० र कार्यालय प्रयोजनका लागि ४१,४२,६१५।३५ गरी कुल रु. ७८,६७,६१५।३५ खर्च गरेकोमा थप सरसफाइ शुल्क शिर्षकबाट रु. ५८,३७,९३६।०० गरी इन्धनमा यस वर्ष रु.१,३७,०५,५५१।३५ खर्च गरेको पाइयो । सरसफाई शुल्क शिर्षकमा खर्च भएको कुल रु.९४२०५६१ मध्ये यस वर्ष देहायबमोजिमका भौचरबाट रु ५८,३७,९३६।०० को इन्धन खर्च वापत्त भुक्तानी भएको छ । यसरी सरसफाई सेवा शुल्क वाट इन्धन खर्च भएको सम्बन्धमा फोहर ब्यवस्थापन कार्यमा प्रयोग हुने टयाक्टर तथा टिप्परको लागि गरिएको इन्धन खर्च उक्त शीर्षकबाट खर्च भएको पालिकाको भनाई रहे तापनी सरसफाई शीर्षकबाट इन्धनमा भएको खर्च सरसफाई कार्यमा प्रयोग हुने यान्त्रिक साधनमा मात्र प्रयोग भएको सुनिश्चित गर्न सकिएन । साथै पालिकाले मापदण्ड वमोजिम इन्धन खर्च गर्ने, विधि पूर्वक इन्धन प्रयोगको लगबुक राख्रे, सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राख्रे गरेको देखिएन। तर्सथ सरसफाई कर्मीको चाडवाड तथा पोशाक खर्च शीर्षकमा विनियोजन भएको रकम मध्ये इन्धन खर्च वापत्त भुक्तानी दिएको रु.५८३७९३६ नियम सम्मत नदेखिएको रु...............

| भौ र मिति | शिर्षक | रकम |
|---|---|---|
| १०९।६।११ | सरसफाईसेवा शुल्क- सरसफाईकर्मीहरुको चाडपर्व, पोषाक खर्च समेत | ११२८९२६ |
| १५७।७।२ | सरसफाईसेवा शुल्क- सरसफाईकर्मीहरुको चाडपर्व, पोषाक खर्च समेत | ३३४९३० |
| १६७।७।६ | सरसफाईसेवा शुल्क- सरसफाईकर्मीहरुको चाडपर्व, पोषाक खर्च समेत | ५३८०९९ |
| २२२।८।११ | सरसफाईसेवा शुल्क- सरसफाईकर्मीहरुको चाडपर्व, पोषाक खर्च समेत | ४७०३९८ |
| ३४२।९।७ | सरसफाईसेवा शुल्क- सरसफाईकर्मीहरुको चाडपर्व, पोषाक खर्च समेत | ६६२९५७ |

| | | |
|---|---|---|
| ६१९।१२।०२ | सरसफाईसेवा शुल्क- सरसफाईकर्मीहरुको चाडपर्व, पोषाक खर्च समेत | ९१२११७ |
| ८१७।२।२४ | सरसफाईसेवा शुल्क- सरसफाईकर्मीहरुको चाडपर्व, पोषाक खर्च समेत | २६८१०० |
| ८२०।२।२४ | सरसफाईसेवा शुल्क- सरसफाईकर्मीहरुको चाडपर्व, पोषाक खर्च समेत | १५२२४०९ |

| | |
|---|---|
| अनियमित भएको | ५८,३७,३३६ |

१८ **खेलकुद विकास कार्यक्रम** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (१) बमोजिम नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले खेलकुद विकास कार्यक्रम तर्फ विभिन्न संघ संस्थाहरुलाई विभिन्न खेलकुद सामाग्री खरिद, विभिन्न खेलमा सहभागी भएबापत सहयोग, विभिन्न प्रतियोगिता सञ्चालन, खेल मैदान निर्माण आदि जस्ता कार्यक्रमहरुका लागि भुक्तानी भएको देखिएकोमा संघहरुले खरिद गरेको सामाग्रीहरुको अभिलेख राखेको देखिएन । यस्ता संस्थाहरुलाई नगरपालिकाबाट सामानको सदुपयोग बारे अनुगमन गर्नुपर्ने देखिन्छ । खेलकुद विकास कार्यक्रम अन्तर्गत भुक्तानी भएको केही उदाहरणहरुः

| भौ र मिति | भुक्तानी पाउने | रकम |
|---|---|---|
| ७१२।१।८ | हिले भलिबल क्लब धनपा १ | १००००० |
| ७५१।१।११ | हिले भलिबल क्लब धनपा १ | ५०००० |
| ७४४।१।२१ | धनकुटा जिल्ला ब्याटमिन्टन संघ | २०००० |
| ७५३।१।२७ | शहिद रामकृष्ण स्मृति प्रतिष्ठान | १४८६५० |
| ८७१।३।५ | शहिद रिदिमाहाङ्ग | ४००००० |
| २२६।८।१२ | डुम्रे सान्ने युवा समाज | २००००० |
| २२८।८।१२ | सहिद रामकृष्ण श्रेष्ठ प्रतिष्ठान | ५०००० |
| ४५४।९।२६ | चमेरो गुफा मेला तथा खेलकुद व्यवस्थापन समिति | १००००० |
| ५०३।१०।१७ | न्यू नव प्रभाव क्लब | ४०००० |
| ५६५।११।८ | हिले युथ क्लब | ५०००० |
| ५८३।११।१९ | सहिद रामकृष्ण श्रेष्ठ प्रतिष्ठान | २५००० |
| ५९०।११।२१ | सहिद रामकृष्ण श्रेष्ठ प्रतिष्ठान | १००००० |

| | | |
|---|---|---|
| ५९२।११।२१ | हिले फुटबल क्लब | १५०००० |
| ६०६।११।२९ | माथिल्लो खाल्डे टोल विकास संस्था | ३०००० |
| ६२४।१२।०२ | आनिगा वडा सहयोग समिति | १००००० |
| ६५७।१२।२६ | द सेभेन युथ क्लब धनकुटा | १००००० |
| ६६१।१२।२७ | हिले भलिवल क्लब | १५०००० |
| ६६५।१२।२९ | द एलिट क्लब | २५००० |
| ७१२।१।८ | हिले भलिबल क्लब धनपा १ | १००००० |
| ७२१।१।११ | हिले फुटबल क्लब धनपा १ | ५०००० |
| ७४४।१।२१ | धनकुटा जिल्ला व्याटमिन्टन संघ | २०००० |
| ७५३।१।२७ | शहीद रामकृष्ण स्मृति प्रतिष्ठान | १४८६५० |
| ८७१।३।५ | शहीद रिदिमाहाङ्ग गोल्डकप | ४००००० |
| ८३३।२।२८ | शहिद भिम नारायण गोल्डकपलाई पालिकाबाट रु ८ लाख र वडाबाट ३५ हजार | ८३५००० |
| विभिन्न | मेयर खेलकुद प्रतियोगिता | ४८०००० |
| विभिन्न | उपमेयर खेलकुद प्रतियोगिता | १९८६५० |
| ८०४।२।७ | द सेभेन युथ क्लबलाई बाद्यवादन सामाग्री खरिद वापत | ३५०००० |
| **जम्मा** | | **४४२०९५०** |

सैद्धान्तिक बेरुजु

१९ **धनकुटा महोत्सव** (७४८-२०८०-१-२४)-धनकुटा उद्योग वाणिज्य संघ, धनकुटाको आयोजनामा मिति २०७९।१०।६ गते देखि २०७९।१०।१६ गतेसम्म प्रादेशिक औद्योगिक व्यापार मेला तथा कृषि प्रदर्शनी, एभोकार्डो एवं पाँचौ धनकुटा महोत्सव सम्पन्न भएको उल्लेख छ । धनकुटा न.पा.ले रु ५००००० अनुदान दिने गरी मिति २०७९।९।१७ मा सम्झौता भएको देखिन्छ । भुक्तानी गर्ने निश्चित श्रोत नभएकोले उक्त संघले पेश गरेको हिमाल ईलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशनको विल रु ५ लाख भुक्तानी आन्तरिक ऋणको व्याज शिर्षकबाट रु ४ लाख र घरभाडा शिर्षकबाट रु.१००००० भुक्तानी भएको छ । स्रोत सुनिश्चित नगरि सम्झौता गर्ने र भुक्तानी दिंदा अन्य शिर्षकबाट दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **गैर सरकारी संस्था मार्फत कार्यक्रम** - गैर सरकारी संस्था मार्फत कार्यक्रम : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको कार्यक्रम तथा तालिम सञ्चालन गर्नका लागि छनौट भएको संघ संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शी रहेको पाइएन । साथै विभिन्न कार्यक्रम तथा तालिम वडा कार्यालयले आफै कार्यदेश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत अनुमान तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सही पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । उदाहरणको लागि देहाय बमोजिम रहेका छन् ।

| भौ. नं.मिति | सेवा प्रदायक | कार्यक्रम विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| पुँजीगत | | | |
| १६।०७९।०६।१२ | नेपाल बसोबास वस्ती संरक्षण समाज | तालिम कायक्रम | ७०००० |
| २२।०७९।०६।२४ | इनाइट टयाटु एण्ड आर्ट सर्भिस | फोटो प्रर्देशनी | १००००० |
| २००।०७९।११।०८ | हाम्रो वहुमुखी पाठशाला | सास्कृतिक पोशाक वितरण | २५०००० |
| ५३७।०८०।३।२४ | नेपाली भाषा तथा संस्कृति अनुसन्धान केन्द्र | पर्यटकीय ब्रोसर छपाई | ३००००० |
| ३६०।०८०।०१।१२ | अन्तर पार्टी महिला सञ्जाल | शिबिर संचालन | २१०००० |
| चालु तर्फ | | | |
| १८९।७।२१ | अनलाइन मिडिया एजेन्सी | लेखन सहयोगी प्रस्ताव लेखन कार्यक्रम | १००००० |
| ४१७।९।१८ | महिला सशक्तिकरण बचत तथा ऋण सहकारी संस्था लि | क्षमता विकास कार्यक्रम | १००००० |

| | | | |
|---|---|---|---|
| ४५१।९।२६ | अनलाइन मिडिया एजेन्सी | उदघोषण तालिम वडा नं ४ (३ दिने) | २००००० |
| ५३८।१०।२६ | शहिद सरोकार समाज | अन्तरसम्बाद कार्यक्रम(१ दिने) | ५०००० |
| ५६२।११।४ | निगाले युवा समूह | लागू औषध न्यूनीकरण सचेतनामूलक ७ दिने | ५०००० |
| ६८३।११।३० | दलित एकता समाज नेपाल | दलित क्षमता विकास कार्यक्रम २ दिने | ३००००० |
| ८१५।२।२३ | नेपाल आदिवासी जनजाति महासंघ नगर समन्वय परिषद | ७ दिने उदघोषण र क्षमता विकास कार्यक्रम (२ वटा) | ३००००० |
| ८९९।३।१२ | सामाजिक कल्याणका लागि प्रभावकारी नेपाल | महिला क्षमता अभिवृद्धि तथा नेतृत्व सीप विकास कार्यक्रम | १००००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१ **कार्यक्रम खर्च** (७२६-२०८०-१-१२)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) मा कुनै पनि कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्विकृत गराउनुपर्ने उल्लेख छ । मिति २०७९ पौष ७, ८ र ९ गते धनकुटा नगरपालिकामा प्रकृति मानव केन्द्रीत जनअभियानको कार्यक्रम संचालन भएकोमा सो कार्यक्रममा पाहुना अतिथि सत्कार तथा बसोबास खर्च वापत रु.११६२०० भुक्तानी लागि मिति २०७९।१२।१० मा नगरपालिकाबाट टिप्पणी आदेशका आधारमा भुक्तानी भएको छ । जसअनुसार आकृति होटललाई रु.५१६५० र एल डीएस मकालु गेष्ट हाउसको रु.६४५५० कार्यालयबाट भुक्तानी भएको छ । कार्यक्रम स्वीकृति नलिएको, प्रस्ताव पेश नगरेको, बजेटमा नभएको कार्यक्रममा भुक्तानी भएकोले सो खर्चलाई नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | १,१६,२०० |

२२ **पुस्तक वितरण गर्नुपर्ने** (७६१-२०८०-१-२९)- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा विल भरपाई र आवश्यक कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था छ । श्री प्रविधि मैत्री शिक्षक समाज नगर कार्यसमिति, धनकुटा विच २०७९।८।२६ गतेको सम्झौता बमोजिम नगर आधारभूत तह (१-८) पाठ्यक्रम निर्माणको भुक्तानीमा ११० थान पाठ्यक्रम छपाई गरेकोमा ५५ थान (प्रति पुस्तक दर रु४८२।७०) शिक्षा शाखामै बाँकी रहेको देखिन्छ । पाठ्यक्रम जस्तो महत्वपूर्ण र शैक्षिक सत्र सँग सम्बन्धित हुने विषयलाई तोकिएको समयभित्र वितरण नगरी नगरपालिकामा मौज्दात राखिएकोले उक्त पाठ्यपुस्तकको उपयोग सम्बन्धमा सुनिश्चित हुन सकिएन । तर्सथ छापिएका पाठ्यपुस्तकको उचित सदुपयोग भएको सुनिश्चित हुने गरी विधार्थीलाई वितरण भएको भरपाई पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,९९९.६१ |

२३ **पत्रपत्रिका तथा सुचना प्रकाशन खर्च**- विभिन्न मिडियाहरुमा सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा गराई छुटको व्यवस्था गर्नु पर्दछ । नगरपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन विभिन्न फर्महरु मार्फत गरी रु.१३९१९९९। विनियोजन गरिएकोमा रु.१२५८१५१। खर्च गरेको छ । सुचना प्रकाशन गर्दा गोरखापत्र जस्तै सरकारी समाचार पत्रमा २५ प्रतिशत छुटको व्यवस्था रहेको हुँदा मिडियाहरु बिच प्रतिस्पर्धा गराई छुट प्रदान गर्ने मिडिया फर्मसँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । साथै शुभकामना तथा सन्देशमुलक सुचना तथा लोककल्याणकारी विज्ञापन प्रदान गरेको भनी पटक पटक तथा मासिक विभिन्न मिडिया फर्म लाई भुक्तानी दिने कामलाई निरुत्साहित पार्नुपर्दछ । केही उदाहरणहरु

| **भौ र मिति** | **भुक्तानी पाउने** | **भुक्तानी रकम** | **प्रयोजन** |
|---|---|---|---|
| ३६०।९।१३ | सुनौलो स्वर्ग नेपाल | १५००० | सूचना प्रकासन |
| ३६१।९।१४ | नेपाल पत्रकार महासंघ धनकुटा | २००००० | डायरी प्रकासन |
| ५०६।१०।१७ | श्रम शिक्षा पत्रिका | ७००० | सूचना प्रकासन |
| ८००।२।७ | फरक पत्र राष्ट्रिय द्वैमासिक | १०००० | जनहितमा जारी सूचना |
| ८३९।२।२९ | जिल्ला वंगुर व्यवसायी संघ | ५००० | क्यालेन्डर छपाई |
| ८९६।९।११ | जिल्ला वंगुर व्यवसायी संघ | ३००० | क्यालेन्डर छपाई |
| ९७२।३।२३ | ईष्टन एडभरटाइजिङ | २२००० | नागरिक दैनिक बार्षिक उत्सव बधाई सूचना |
| समानीकरण पूँजीगत शिर्षकबाट | | | |
| ५०४।८०।३।१० | कर्मचारी मिलन केन्द्र | ९८५० | भित्तेपात्रो |
| ५३८।०८०।३।३ | किरात याक्या हुम्पा | १४७५५ | भित्तेपात्रो |
| ३६७।०८०।१।१४ | नेपाल नगरपालिका कर्मचारी एशोशियसन | १०००० | भित्तेपात्रो |

सैद्धान्तिक बेरुजु

२४ **अग्रीम कर कट्टी नगरेको-** आयकर ऐन २०५८ को दफा ८८ अनुसार बासिन्दा व्यक्तिले प्राकृतिक स्रोतको रकम भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टी गर्नु पर्ने उल्लेख छ । यसै गरी मूल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार ढुवानीमा कार्यमा प्रत्यक्ष संलग्न कुनै ब्यक्तीको वार्षिक कारोबर २० लाख रुपैयाँ भन्दा वढी भएमा मूल्य अभिवृद्धि करमा दर्ता भई कर वीजक जारी गर्नुपर्ने ब्यवस्था छ । यस आर्थिक वर्षमा कार्यालयले उपभोक्तावाट विभिन्न काम गराई भुक्तानी गरेकोमा उपभोक्ताले गिट्टी/बालुवा तथा ढुङ्गा खरिदको गरेको भनी अनुसूची वमोजिमको ढूवानी सेवाका प्यान विलका आधारमा रु.४५१०६००।०० भुक्तानी लिएको देखिन्छ।

ठूलो परिमाणमा खरिद गरिएका गिट्टी बालुवा र ढुङ्गा समेत एकै फर्मले पटक पटक मूल्य अभिवृद्धि कर वीजक नराखी आपूर्ति गरेको, नदिजन्य पदार्थको मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्मबाट खरिद विक्री हुँदा प्राकृतिक स्रोतको अवैध रुपमा दोहनलाई प्रश्रय पुगेको छ भने अवैध उत्खनन् बाट संकलन हुँदा पालिको आन्तरिक राजस्वमा समेत असर परेको देखिन्छ। साथै २० हजार माथिको कारोबार गर्दा मूल्या अभिवृद्धिकर वीजकबाट कारोबार गर्नुपर्ने नियमको समेत पालना भएको देखिएन ।ढुवानी सेवाको निम्ती दर्ता भएका फर्महरुले ढुङ्गा गिटी र बालुवा ढुवानीको कार्यमात्र नगरी आपूर्ति गरेको भनी भुक्तानी लिने गरेकोमा पालिकाले आयकर ऐनको २०५८ दफा ८८ को उपदफा उपदफा ८ वमोजिम ढुवानी सेवा मा लाग्ने २.५ प्रतिशत करमात्र असूल गरेकोले प्यान वीलबाट कारोबार भएको तपसिलको वमोजिमको प्राकृतिक स्रोतको विक्रीमा दफा ८८(१) वमोजिम १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी असुल गर्नुपर्ने रु.

असूली गर्नुपर्ने विवरण अनुसूची ४ मा छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६३,८२६ |

**(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२५ **कर्मचारीको स्तरवृद्धि तथा तह मिलान** - प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तिभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । धनकुटा नगरपालिका कर्मचारी सेवा ऐन, २०७७ व्यवस्था गरि नगरपालिकामा स्थायी पदमा कार्यरत कर्मचारीलाई ऐनको दफा ३२ अनुसार २०७८ बैशाख १ गते देखी लागु हुने गरी विभिन्न २१ जना कर्मचारीलाई चौथोबाट पाँचौ तह, पाँचौ बाट छैठौ तह, छैठौ बाट सातौ र सातौ तहबाट आठौ तहमा स्तरवृद्धि गरेको र स्तरवृद्धि तहमा मिलानमा नपरेका विभिन्न १५ जना कर्मचारीलाई २ (दुई) ग्रेड थप गर्न निर्णयको आधारमा स्तरवृद्धि तथा थप ग्रेड दिएको छ । गत वर्ष जस्तै यो बर्ष समेत स्तर वृद्धि र ग्रेड वृद्धि गरी स्तरवृद्धि भएका २१ र ग्रेड वृद्धि भएका १५ जनालाई २०७९ श्रावण देखि २०८० असारसम्म मासिक स्तरवृद्धि र ग्रेडमा क्रमशः रु.२५३२८ र रु २२२११ ले र बार्षिक क्रमशः रु३२९२७५ र रु २८८७४५ गरी जम्मा रु.६१८०२१।३० बढी व्ययभार पारेको छ । प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम पठाई लोक सेवा आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा विज्ञापन गरी पदपूर्ति गर्नुपर्नेमा सोको पालना वेगर नै कार्यरत कर्मचारीलाई माथिल्लो तहमा स्तरवृद्धि गर्न मिल्ने देखिँदैन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **सल्लाहकार** - गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३ को सुविधा सम्बन्धी व्यवस्थामा पदाधिकारीले कानुनी सल्लाहकार, प्रेस सल्लाहकार र राजनीतिक सल्लाहकार राख्न सकिने व्यवस्था छैन । नगरपालिकाले एक व्यक्तिलाई राजनीतिक सल्लाहकार

राखी यस बर्ष निजहरुको तलव भत्ता सुविधा वापत मासिक रु. २०,००० का दरले मिति २०७९।१०।१ देखि ३ महिनाको खर्च भुक्तानी गरेकोले उक्त खर्च नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६०,००० |

२७ **चाडपर्व खर्च** - गाउँ तथा नगरसभा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा ४ मा स्थानिय तहको आन्तरिक राजश्व र आयलाई विचार गरी नगरपालिकाले रु १० हजारका दरले चाडपर्व खर्च पाउने उल्लेख छ । यस नगरपालिकाले ५२ जना पदाधिकारीलाई रु १० हजार का दरले चाडपर्व खर्च गरी रु. ५२०००० खर्च गरेको छ । नगरपालिकाको आम्दानी न्यून भएको अवस्थामा यस्तो सुविधामा पुनविचार गर्नुपर्ने वा राजश्वको दायरा बढाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **निजी शिक्षक** (९६ र ४१४-२०७९-६-६)- विद्यालयका शिक्षक कर्मचारी को तलव सेवा सुविधा पोशाक पाठयपुस्तक नेपाल सरकारको संघिय कानुन बमोजिम शशर्तका कार्यक्रमतर्फ रहको छ भने शिक्षा नियमावली २०५९ को नियम १०५ मा विद्यालयले आफै नियुक्त गरेको शिक्षकको पारिश्रमिक आफ्नै श्रोतबाट व्यहोरिनुपर्ने उल्लेख छ। स्थानिय सरकारले त्यसलाइ अनुगमन नियमन व्यवस्थापन दरबन्दि मिलान जस्ता कार्यहरु गरिने उल्लेख छ। तर नगरपालिकाले मार्गेश्वरी प्राविलाई २ जना शिक्षक नियुक्ती गरी भुक्तानी गर्ने प्रयोजनका लागि नगरपालिकाबाट उक्त प्राविलाई रु २००००० खर्च गरेको देखिएकोले नियमसम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

२९ **सामाजिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्त्रगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवन, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमको सार्वजनिक सुनवाई गरेको जनाए तापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन ।कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिंदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिंदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३० **वढी भुक्तानी** (४९१-२०८०-३-४)- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिंदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्ने

व्यवस्था छ । चुलीबन पर्यटकीय क्षेत्रमा रहेको पूटपाथ ढलान सिढी मर्मत तथा डस्टबीन राख्ने कामको लागि जिविकापार्जन पुरुत्थानको लागि दिगो पर्यटन र नगरपालिकाको साझेदारी कार्यक्रमा लक्ष्मी इन्टरपाईजेजबाट ११० थान डस्टवीन खरिद गरेको भनी प्रति एकाई २६५५ का दरले मूल्य अभिवृद्धि कर समेत रु.३३००१६।५० भुक्तानी गरेको वील संलग्न रहेको छ । भौचर साथ संलग्न कार्य सम्पन्न वीलमा भने ११० डस्टबीनको रु.४५०० का दरले रु.४९५०००।०० खर्च भएको उल्लेख छ । यसरी वीलका आधारमा वास्तविक खर्च वमोजिमको भुक्तानी हुनुपर्नेमा लागत अनुमान उल्लेखित रकम वमोजिक भुक्तानी गर्दा वढी भुक्तानी हुन गएको रु.१६४९८३।५० असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,९८३.५ |

३१ **आयोजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु नियमानुसार हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३२ **वढी भुक्तानी** (४३६-२०८०-२-७)- ल्याण्ड फिल्ड साइडमा माटो पुर्ने कामको लागि स्टिमेट अनुसार १२५० घन मिटर माटो पुर्नेगरी रु.४७८१२५।०० लागत अनुमान गरिएको छ । वातावरण शाखाका आधिकृत सातौको पेश्कि फछर्योटको लागि पेश भएको वील भरपाईमा निर्जा ढुवानी सेवाले २५ थान वीलबाट ५० ट्रिप माटो ल्याएको भनी ढुवानी सेवालाई भुक्तानी दिएको छ । पहाडी एरियामा चल्ने साना टिप्परले प्रति ट्रिप वढीमा ६.५ देखि ७ घनमिटर सम्म ढूवानी गरेको आधारमा ५० ट्रिप ढुवानीमा वढीमा ३५० घनमिटर माटो ढुवानी हुने देखिन्छ । तर कार्य सम्पन्न प्रतिवेदन अनुसार १२५० घनमिटर माटो पुरेको भुक्तानी भएकोमा उक्त परिमाणमा माटो पुरेको सुनिश्चित हुने आधार देखिएन ।तर्सथ नपुग परिमाणका सम्बन्धमा यकिन गरी वढी भुक्तानी देखिएको ९०० घनमिटरको लागत अनुमान अनुसारको प्रतिघनमिटर ३८२.५० का दरले हुन आउने रु.३४४२५० असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४४,२५० |

३३ **फर्निचर सप्लायर्सबाट औषधि खरिद** (४८७-२०८०-२-३२)- वडा नं ४ को स्वास्थ्य संस्था ब्यवस्थापन वापत्त विनियोजन भएको ४९०००० स्वाथ्य संस्था भवन निमार्ण उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिन्छ । उक्त रकम मध्ये मेडिकल सामाग्री खरिद र फनिचर कम्प्युटर खरिद गरेकोमा उपभोक्ता समितिबाट औषधी तथा सर्जिकल उपकरण जस्ता सम्बेद्धनशील सामाग्री खरिद गरि वील भरपाई पेश गरेकोमा श्री कृष्ण फर्निचर फ्लोरिङ एण्ड सप्लायर्स(६०३७७३९७६) बाट सर्जिकल तथा अस्पतालमा उपभोग हुने ड्रेसिङ ट्रली, फलोमिटर सहित अक्सिजन सिलिण्डर, बेड साइड स्क्रिन लगायत उपकरण खरिद गरेको भनी वील पेश गरीएको छ । कारोबारको उद्देश्यमा अस्पताल सम्बन्धी उपकरण तथा सर्जिकल समान आपूर्तिको नरहेको

फर्निचर सम्बन्धी कारोबार गर्ने फर्मले आपूर्ति गरेको भनी वील जारी गरेको देखिएकोले उक्त समानहरु आपूर्ति र गुणस्तरमा सुनिश्चित हुन सकिएन । खरिद भएका समान पालिकमा एकिकृत दाखिला नगरी वडा कार्यालयमा दाखिला भएको देखिन्छ । यसरी कारोबारको उद्देश्य भन्दा वाहिरको कारोबार गरी समान आपूर्ति भएको निम्न वमोजिमको खरिद नियम सम्मत नदेखिएको रु.

| वील नं | आपूर्तिकर्ता | रकम |
|---|---|---|
| १०६ | श्री कृष्ण फर्निचर फ्लोरिङ एण्ड सप्लायर्स | ८६४९०.२० |
| १०७ | श्री कृष्ण फर्निचर फ्लोरिङ एण्ड सप्लायर्स | १३२४८८.८० |
| | **जम्मा** | **२१८९७९.००** |

| | |
|---|---|
| अनियमित भएको | २,१८,९७९ |

३४ **भकारो सुधार** (२३५-२०८०-१-५)- बोयर वोका खरिद सम्बन्धी साझेदारी कायक्रमबाट तामाङ टोल धनपा ३ मा भकारो सुधार गरेको भनी रु.१४७०००।०० खर्च लेखेकोमा कति सख्याँमा भकारो सुधार गरिएको लाभान्वित व्यक्तिहरुको नामावली प्रत्येक गोठहरुको अलग अलग नापजाँच नगरी एकमुष्ट ५०४ घन मिटर खन्ने, १४.४ घन मिटर ढुङ्गा भर्ने र ७.२ घनमिटर पिसिसि गरीएको भनी नापी किताबमा उल्लेख गरी भुक्तानी दिएकोले काम भएको परिमाण र लाभग्राही यकिन गर्न सकिएन । लाभग्राही सख्याँ र कामको सख्याँ वमोजिम परिमाण खुल्ने कागज प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४७,००० |

३५ **अधुरो निमार्ण कार्य** - विहिवारे दाहाचचौर भिरगाउँ सडकको रु.९८०९१६८।०० लागत अनुमान रहेकोमा वोलपत्रको माध्यमबाट सुदिक्षा थुलुङ कन्स्ट्रक्सन धनकुटा सँग मूल्य अभिवृद्धि कर र कन्टिजेन्सी समेत २०७९।११।१९ मा रु.६८७४१०४।०० मा सम्झौता भएकोमा माटो कटिङ र ढुङ्गा सोलिङ लगायतका काम गरेको भनी प्रथम रनिङ वील वापत्त मिति २०८०।०१।२१ मा रु.१४४७२००।०० भुक्तानी भएको देखिन्छ । मिति २०८०।०३।०४ मा नगरपालिकाले कार्य सम्पन्न गर्न ताकेता गरेकोमा निमार्ण व्यवसायले मिति २०८०।०३।०९ मा म्याद थपको निवेदन दिएको देखिन्छ । पालिकाले मिति २०८०।०३।१८ मा म्याद थप हुन नसक्ने भनी निमार्ण व्यवसायीलाई जानकारी गराएकोमा पुन २०८०।०३।२० सम्म म्याद थप गरी दोस्रो रनिङ वील मार्फत मूल्य अभिवृद्धि कर समेत रु.४६४८३०।०२ भुक्तानी दिएको देखिन्छ । सम्झौता वमोजिम कार्य सम्पन्न नगर्ने निमार्ण व्यवसायीलाई सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम कारवाही प्रक्रिया अगाडी बढाइ जिम्मेवार बनाउनु पर्दछ । प्रथम रनिङ वील पछी सम्झौता वमोजिम कार्य नगर्ने निमार्ण व्यवसायीलाई वाँकी कामको भनी दोस्रो रनिङ वीलको भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,६४,८३०.०२ |

३६ **टुक्रे खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा सार्वजनिक निकायले कुनै पनि खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा सोझै खरिद गर्न सकिने रकम सिमा र १(ख) मा एक आर्थिक वर्षमा १(क) मा तोकिएको रकम सिमाबाट खरिद गर्न सकिने प्रकृया सम्बन्धि व्यवस्था छ । नगरपालिकाले पालिका स्तरबाट र वडास्तरबाट फरक फरक गरी मसलन्द शिर्षकबाट बार्षिक रु. ५०२७२१८ खर्च गरेको छ । यस सम्बन्धमा नमुना परीक्षण गर्दा नगरपालिकाले तपशिलको सामग्री खरिद कार्य पटक पटक गरी ऐनमा तोकिएनुसार सिमा भन्दा बढीको सोझै खरिद गरी खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

| भौ र मिति | सप्लायर्सको नाम | सामाग्री विवरण | रकम |
|---|---|---|---|
| ७९०-२।४ | भट्टराई सप्लायर्स | मसलन्द सामाग्री | १६१२७२ |
| ८३०-२।२८ | ॐ साई सप्लायर्स धनकुटा ६ | मसलन्द सामाग्री | ४०२३९३ |
| ५६६-११।८ | ॐ साई सप्लायर्स धनकुटा ६ | डेक्सटप प्रिन्टर ल्यापटप लगायत सामाग्रीहरु | ४४१२६५ |
| ५५४-१०।२९ | श्री सजल विट वोर्ड तथा फर्निचर उद्योग | अफिस दराज कुर्सी कार्पेट | ४५५२१० |
| १७६-७।१७ | श्री सजल विट वोर्ड तथा फर्निचर उद्योग | फर्निचर | ३०७६९९ |
| ४२३-९।२० | रोशन ट्रेडिङ्ग | मसलन्द तथा कार्यालय सामाग्री | २०२३५१ |
| **जम्मा** | | | **१९७०१९०** |

| | |
|---|---|
| अनियमित भएको | १९,७०,१९० |

३७ **नन फाइलर-** नन फाइलरः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफ १८ (१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै दफा १९(१) मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिन भित्र बुझाउनु पर्ने सो अवधिमा कर नबुझाएमा उपदफा (२) तथा (३) बमोजिम थप दस्तुर समेत बुझाउनु पर्ने व्यवस्था छ। पालिकाले बस्तु तथा सेवा खरिदबापत निम्न बिक्रेतालाई भुक्तानी दिएकोमा उक्त बिक्रेता ननफाईलर देखिएकोले मू.अ.कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु

| भौ र मिति | फर्म को नाम | प्यान | विजक | विजक रकम | भ्याट | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४।२०७९।६।१२ | योगिम सिङ जेभी | ६१५९६९५७४ | ००१।०७९।६।११ | ९२०५०२।२२ | १०५८९८।४ | २०७९.M.५ |
| | योगिम सिङ जेभी | ६१५९६९५७४ | ००४।०८०।३।२४ | १६२४०१४।२८ | १८६८३३।५० | २०७९.M.५ |
| | झुम तारा पापो हाङ्ग निर्माण सेवा | ३०००१८३४७ | ०७।०८०।३।२३ | २५५३२६७।५६ | २९३७३८।७५ | २०७९.M.११ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,८६,४७०.६५ |

३८ **ठेक्का अभिलेख -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा निर्माण कार्यको अभिलेखांकनका लागि महालेखा परीक्षकबाट स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३९ **खरिद कारबाहीको अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम नगरपालिकाले हरेक खरिद कारबाहीको निम्ति छुट्टा छुट्टै फायल खडा गरी राख्नु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम (२) मा त्यस्तो फायलमा राख्नु पर्ने कागजातको सूची उल्लेख छ । नगरपालिकाले विभिन्न निर्माण तथा आपुर्ति कार्य ठेक्का मार्फत गरेकोमा हरेक खरिद सम्झौताको छुट्टाछुट्टै फायल खडा गरी राखेको छैन । यसबाट कुनै निश्चित खरिद कार्यको बारेमा जानकारी लिन कठिनाइ भएको छ ।

सैद्धान्तिक बेरुजु

४० **जडान प्रमाणित** (६३-२०८०-३-२०)- (संघीय ससर्त पुँजीगत) सार्वजनिक निकायले सम्बन्धित कार्यक्रमका लागि खरीद गरिएका निर्माण सामाग्रीहरु प्राविधिक नापजाँच सहितको नापी किताब भरेर मात्र जिन्सी खर्च लेख्नुपर्दछ । बेलहारा खानेपानी आयोजनाको कार्य बेलहारा खानेपानी उपभोक्ता समितिबाट भएकोमा नपाको

साझेदारी २००००००।०० र जनसहभागिता रु. २०३९००।७० गरी कुल २२०३९००।७० को कार्य गरेकोमा देहायबमोजिम पाइप खरिद भएको देखिन्छ । तर उक्त पाइप जडान भएको नापी किताबमा नदेखिएकोले खरिद गरिएका पाइपहरु सबै जडान भए नभएको कार्यालयले एकिन गर्नुपर्दछ रु

| पाइप विवरण | परिमाण | सप्लायर्स | रकम |
|---|---|---|---|
| PN१६ २०mm | ६९०० र.मि. | लक्ष्मी इन्टरप्राइजेज | ३०५२५२।५५ |
| PN१६ २५mm | ४००० र.मि. | लक्ष्मी इन्टरप्राइजेज | २७२६४६।४ |
| PN १६ ३२mm | २५०० र.मि. | नेपाल प्लाष्टिक प्रालि | २७६९०६।५ |
| PN १६ ४०mm | ३००० र.मि. | नेपाल प्लाष्टिक प्रालि | ५१४१६१।३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६८,९६६.७५ |

४१ **वडा भवन निर्माण** – वडा नं ५ को वडा कार्यालय भवन निमार्णको लागि महालक्ष्मी कन्स्ट्रक्सन सँग मिति २०७९।११।१२ मा मिति २०८०।०२।२५ मा कार्य सम्पन्न गर्ने गरी रु.५६७०३००।०० मा सम्झौता गरी कार्यादेश दिएको देखिन्छ ।पुरानो विहिबारे हटिया क्षेत्रमा वडा कार्यालय निमार्ण शुरु भई डिपिसी सम्मको कार्य सम्पन्न भएकोमा उक्त हटिया क्षेत्रमा भवन नबनाउन भनी टोलवासीको डेलिगेशन तथा विरोध भएको भनी नगरपालिकाले २०८०।०१।२४ मा नगरपालिका वैठकबाट उक्त स्थानमा भवन नबनाउने र हाल सम्म भएको खर्चको भुक्तानी दिई नयाँ स्थानमा बनाउने भनी निर्णय गरेकोले उक्त मिति सम्मको कामको नापी गरी मूल्य अभिवृद्धि कर समेत रु.९१२६५७।८९ भुक्तानी दिएको देखिन्छ । स्थान छनोट, स्थानीयवासी सँगको छलफल र पूर्व तयारीका कार्यमा पर्याप्त ध्यान नदिई ठेक्का लगाई निमार्ण कार्य शुरु गर्दा भवन लागि गरिएको लगानी उपयोग विहीन भएको र पालिकाको कोषमाथी अनाबश्यक व्यवहार परेको देखिन्छ । अगामी दिनमा ठेक्का प्रक्रिया शुरु गर्नुपूर्व पूर्व तयारीका काममा पालिकाले प्रयाप्त ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **निमार्ण कार्यको दररेट** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ ।कार्यालयले देहायको भुक्तानी दिदाँ बाटो निमार्कणको काममा दर विश्लेषण गर्दा सडक विभागले निर्धारण गरेको दर प्रयोग नगरी भवन विभागको दररेट प्रयोग गरेको देखिन्छ । यसरी भवन विभागको दररेट प्रयोग गरेको कारण पालिकाले यस वर्ष तथा गत वर्षका योजनाहरुको यस वर्ष भुक्तानी दिदा देहायवमोजिम वढी दरमा भुक्तानी भएको देखिन्छ । फरक फरक विभागीय नम्स प्रयोग गर्दा पालिकालाई बढी रु.२६३८१८।०० वढी व्ययभार परेको देखिएको रु.

| भौ नं र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण घ.मि. | परिमाण | भुक्तानी दर | भुक्तानी हुने दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३०।०७९।७।२० | पोखरेल टोल ग्रमिण सडक | १:६ अनुपातामा ढुङ्गाको मेसनरी वाल | ३६.१४४ | ११४७५.५२ | ८९९२ | ८९७६४ |
| ९४।०७९।९।११ | हेल्थपोष्ट जिमी सडक | १:६ अनुपातामा ढुङ्गाको मेसनरी वाल | १० | १०८१०.६५ | ८९९२ | १८१८६.५ |
| ४०४।८०।१।३१ | छाउनी डाडा ल्याण्डफिल्ड पोखरेल टोल सडक | ग्राभेल ओछ्यायर पेल्ने काम | ३६० | १९२९.७५ | २०५५.७६ | ४८४८२ |
| १७८।०७९।१०।२८ | हिले खेल मैदान निमार्ण | १:६ अनुपातामा ढुङ्गाको मेसनरी वाल | १२.१ | १०८१०.६५ | ८९९२।८ | ९०८८६।९३ |
| ३८६।०८०।१।२८ | मिलडाँडा भट्टराई टोल सडक | जेसिबीद्धारा माटो कटिङ | ३१३२ | ६७.५७ | ६४.९५ | ८२०५.८४ |
| ३८७।०८०।१।२८ | कामिडाँडा रातामाटे गँहुडाँडा सडक | | ३१६५ | ६७.५७ | ६४.९५ | ८२९२.३ |
| **जम्मा** | | | | | | २६३८१८ |

| | |
|---|---|
| अनियमित भएको | २,६३,८१८ |

## ४३ प्रधानमन्त्री रोजगार कार्यक्रम

४३.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ । कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनोट गरी सडक निर्माण कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष रु. ५२,०८,१०७।२० खर्च भएकोमा ज्यालामा रु.३७,५०,५०० खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३.२ नेपाल सरकारले बेरोजगार सुचिकृत श्रमिकहरुलाई कम्तिमा १०० दिन रोजगार दिने लक्ष्य सहित कार्यान्वयनमा ल्याएको प्रधानमनत्री रोजगर कार्यक्रममा यस बर्ष कुल सुचिकृत संख्या ४२७ रहेकोमा जम्मा ६५ जनाले मात्र रोजगार पाएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३.३ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को रोजगार कार्यक्रमबाट विनियोजन भएको रकममा खर्च गर्नुपर्ने उलेख छ। लागत अनुमानमा आयोजना संचालनमा लाने श्रमिक र समग्रीको एकमुष्ठ रुपमा विश्लेषण गरेको देखियो लागत अनुमान तयार पर्दा आयोजनामा कति संख्या आवश्यकता पर्दछ सो यकिन हुने गरी दर विश्लेषण गरेर मात्र लागत अनुमान तयार गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४४ **विद्यालयको अनुगमन नियमन व्यवस्था** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा सामुदायिक विद्यालयलाई निकासा दिएको अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाईएन । मापदण्ड तयार गरी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ ध्यान पुर्‍याउन जरुरी देखिन्छ । पालिकाको शिक्षा शाखा द्वारा सामुदायीक विद्यालयहरुको आंशीक रुपमा अनुगमन गरेको भएता पनि सो को प्रतिवेदन तयार गरेको देखिएन । तसर्थ पालिकाले विद्यालयहरुको नियमित अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन

तयार गर्नु पर्दछ । साथै, कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार सामुदायीक विद्यालयहरुको कार्यालयले निकासा दोहोरो परे नपरेको शैक्षिक गुणस्तरको अवस्था मापदण्ड निर्धारण गरी सोही बमोजिम अनुगमन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५ **स्यानेटरी प्याड** - शिक्षा सर्सत अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागी स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्ने व्यवास्था छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को कृयाकलाप नं २.७.१३.२३ मा रहेको सामुदायिक विद्यालयको छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनको लागी प्रति विद्यार्थी अनुदान सम्वन्धि व्यवस्था अनुसार सेनिटरी प्याड वितरण तथा सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्क भिडाई तोकिएको गुणस्तरको स्यानिटरी प्याड खरिद गरी परिच्छेद ३ को बुँदा नं ५ अनुसार विद्यालयलाई वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले ३६९।२०८०।०३।२० नं को गो. भौचरबाट विद्यालयहरुले आफै खरिद गरि शोधभर्ना मागेको रकम रु. १३७२९६५.०० खर्च लेखेको छ । विद्यलयहरुले खरिद गरेको स्यानेटरी प्याडहरुको गुणस्तरमा एकरुपता नहुने, स्रोतको अन्य प्रयोजनमा प्रयोग हुन सक्ने, सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्याविधि, २०७६ अनुसारका ब्यवस्थाहरु पालना नहुने हुँदा लक्षित बर्गले सुविधा प्राप्त गर्ने सुनिश्चिता देखिएन । यस सम्बन्धमा विगतका प्प्रतिवेदनमा समेत उल्लेख भएकोमा सुधार नभएको र कार्यविधिको प्रावधान विपरित सेनेटरी प्याड खरिद सम्बन्धमा प्राप्त रकम विद्यालय मार्फत खरिद गरी सोधभर्ना दिने गरेको नियमसम्मत नदेखिएको रु.........

| अनियमित भएको | १३,७२,९६५ |
|---|---|

४६ **विद्यालयगत निकासा रजिष्ट्रर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ । साथै पालिकाले प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो समेत गरेको देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

४७ **पकेट कार्यक्रम** –शसर्त अनुदान अन्तर्गतप्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ । प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पालिकाले बिभिन्न कृषि पकेट विकास कार्यक्रमहरु सञ्चालन गरेको छ । ती पकेट विकास कार्यक्रमहरु अन्तरगत अनुदान प्राप्त कृषक वा कृषक समूह छनौट गर्दा इच्छुक सबैले समान सहभागिताको सुनिश्चितता गर्नुका साथै पालिकाले शसर्त अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन। साथै स्थानीय तहबाट

अनुदान प्राप्त गर्ने कृषकको नाम नामेसि सहितको अभिलेख अध्याविधक गरी एउटै समूह, संस्था वा व्यक्तिले पटक पटक अनुदान प्राप्त गर्ने अवस्था तर्फ सचेत हुनु पर्ने देखिन्छ । पालिकाले यस वर्ष पकेट कार्यक्रम संचालनको लागि देहायका कृषि समूहलाई अनुदान दिएको देखिन्छ ।

| पकेट कार्यक्रम | कृषक समूह | रकम |
|---|---|---|
| आ.व. २०७८/७९ मा स्थापना भएको तरकारीबाली पकेट विकास कार्यक्रमको निरन्तरता | श्री नमुना कृषक समुह ध.न.पा.१० | ५,८०,०००.०० |
| आ.व. २०७९/८० मा नयाँ तरकारीबाली पकेट विकास कार्यक्रम सञ्चालन | चुवाडे कुलो जल उपभोक्ता संस्था | ६,००,०००.०० |
| | स्वावलम्बन बहुउद्देशिय सहकारी सँस्था लि.ध.न.पा.४ धनकुटा | ६,००,०००.०० |

सैद्धान्तिक बेरुजु

४८ **अनुदानको अनुगमन** - धनकुटा नगरपालिकाको आर्थिक विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ को १.३ अनुदानको हस्तान्तरणका शर्त २ मा अनुदान प्राप्त गरेको मितिले ३ वर्षसम्म अरुलाई बिक्री वितरण गरेमा वा सम्झौता बमोजिम अनुदानको उपयोग नगर्ने कृषकलाई प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुलउपर गरिने र त्यस्ता किसानलाई पुन कार्यक्रम उपलब्ध नगराइने व्यवस्था छ ।नगरपालिका पूँजीगत वजेटबाट खर्च गरिएका कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रमा किसान तथा समूहलाई वितरण गरेको अनुदानमा किसानको तर्फबाट लागत सहभागिता गराएको देखिएन ।अनुदान वितरण गर्दा सूचना प्रकाशन गर्न, सबैलाई प्रतिस्पर्धात्मक रुपमा प्रस्ताब माग गरी विधिवत छनोट प्रक्रिया बाट अनुदान दिने, अनुदानमा खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ संघीय, प्रदेश तथा स्थानिय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जिवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ । अनुदान वितरणका केही उद्दाहरण देहाय वमोजिम छन्।

| गो.भौ.न.मिति | अनुदानलिने फर्मको नाम | विवरण | अनुदानरकम | योगदान |
|---|---|---|---|---|
| १२९।०७९।१०।३ | छारागाउँमहिला कृषि समूह | मिनिट्रिलर | १००००० | ० |
| ४८६।०८०।२।३२ | श्रीकंचनजघां कृषि समूह | वंगुर नश्लसुधार | ३००००० | ३०००० |
| २७६।०८०।०१।२५ | सिद्धदेवीकृषक समूह | कृषिसामाग्री | ७०००० | ० |
| ३८१।०८०।०१।२६ | खाल्डेविउँ उत्पादक कृषक समूह | वीउँसामाग्री | ८०००० | ० |

| | | | | |
|---|---|---|---|---|
| ३९४।०८०।०१।२९ | ओखलेढुङ्गे वउउद्देश्य कृषि फर्म | | २०००० | ० |
| ३२।०७९।०७।३२ | पञ्चकन्यादेवी दुर्गा मौरीपालन उधोग | घार खरिद | ७५००० | ० |
| ३४।०७९।०७।२१ | तमोरबेशीपशुपंक्षी कृषि फर्म | वाखानक्ष सुधार | १०५००० | ० |
| ७०।०७९।०८।२१ | वक्रकुण्डएग्रोटेक | मिनिट्रिलरखरिद | २००००० | ० |
| ९५।०७९।९।१३ | खुरिलाकृषक समूह | वाखाखरिद | ५०००० | ० |

सैद्धान्तिक बेरुजु

४९ **सामाजिक सूरक्षा**

४९.१ डोरमेन्ट खाताः कार्यविधिको अनुसूची - ७ को बुँदा नम्वर ७ मा बैंक तथा वित्तीय संस्थाले सामाजिक सुरक्षा विशेष बचत खाताहरु मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ । कार्यालले सो विवरण बैंकबाट प्राप्त गरी निष्कृय खाताको विवरण यथासिघ्र यकिन गरी रकम बाँकी भए संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९.२ सामाजिक सुरक्षा भत्ता वितरणः सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन - २०७५, सामाजिक सुरक्षा नियमावली - २०७६, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि - २०७५, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति -२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट निकासा रु.१२१८५६६७४.८१ प्राप्त भएकोमा बैंकले लाभग्राहीको खातामा सम्पूर्ण रकम निकासा खर्च देखाई आर्थिक विवरण लेखापरिक्षणमा पेश भएको छ । यस नगरपालिकाले पहिलो तीन त्रैमासिकको भुत्तानीका लागि बैंकहरुलाई Forward Feed का आधारमा चेक प्रदान गरेको थियो भने चौथो त्रैमासिकको भुत्तानी ई एफ टी विधी बाट गरेको छ ।

सैद्धान्तिक बेरुजु

४९.३ समिति गठनः कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **आय ठेक्का अभिलेख** - नगरपालिकाले यस वर्ष तथा विगतका वर्ष देखिनै लगाएका आय ठेक्काको अभिलेख राखेको छैन । फाइल व्यवस्थापन गर्ने र सोको व्यवस्थित अभिलेख राख्नुपर्दछ । नगरले ठेक्काबाट यस वर्ष तथा विगत समेतको कुन ठेक्काबाट कति रकम यस वर्ष उठ्नुपर्ने हो तथा विगत वर्ष देखिको उठ्न बाँकी रकम कति हो सोमा लाग्नुपर्ने व्याज तथा जरिवानाको रकम कति हो भनि अभिलेख राख्नुपर्नेमा सो अभिलेख राखेको पाईएन । यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **आन्तरिक आम्दानी तर्फ** - नेपालको संविधानको धारा २३० बमोजिम नगरपालिकाले आर्थिक ऐन, २०७९ लागू गरेको भएतापनि सोही अनुरुप निर्धारित दरमा शुल्क तथा कर रकम नियमित रुपमा असुल गर्ने गरेको पाइएन ।

क) नगरपालिका क्षेत्रमा रहेका विभिन्न व्यापार व्यवसाय, परामर्शदाता लगायतका सबै निकाय, बैकं वित्तीय संस्था, अन्य सघं सस्था आदिलाई अनिवार्य दर्ता गराउने, नवीकरण गर्ने तथा निर्धारित वार्षिक कर दस्तुर समेत असुल गर्ने कार्य प्रभावकारी रुपमा भए गरेको पाइएन ।

ख) मनोरञ्जन कर वापत कुनैपनि रकम असुल गरेको पाइएन । नगरपालिका क्षेत्रमा रहेका सिनेमा घर तथा चलचित्र भवन तथा होटल दर्ता नविकरण तथा वार्षिक कर असुल गरेको पाइएन ।

ग) विभिन्न सघं संस्थाका घर तथा कार्यालय बहालकर असुल गर्न पूर्व अध्ययन गर्ने तथा कार्यान्वयन प्रभावकारी रुपमा गर्ने तर्फ कार्यालयको विशेष ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । जस्तै पसल तथा विभिन्न कार्यालयहरुको पूर्ण विवरण तयार गर्ने दर्ता तथा नविकरण अद्यावधिक गर्ने प्रति वर्ग फिटमा स्थान अनुसार बहालदर निर्धारण गरी असुल गर्नुपर्दछ ।

घ) सम्पत्ति करः नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा २ मा नगरपालिका क्षेत्र भित्र अनुसूची १ बमोजिम सम्पत्ति कर लगाउने र असूल गर्ने उल्लेख छ । अनुसूची १ मा घर तथा जग्गाको मूल्यॉंकन गर्दा व्यापारिक क्षेत्र, कृषि क्षेत्र, व्यापारिक क्षेत्र तथा आवासीय क्षेत्रमा वर्गीकरण गरेको छ । यस वर्ष सम्पत्ति कर रु. ७१,२०,५८८।६२ असुली भएको देखिन्छ । सम्पत्ति कर संकलन गर्दा ती क्षेत्रहरु एकीन गरी वर्गीकरण अनुसार नै भएको छ भनी एकीन गर्न सक्ने आधार पाइएन ।

(ङ) सवारी साधन कर- प्रदेश सरकारको आर्थिक ऐन, २०७९ को दफा ३ (२) मा टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) नगरपालिकाले कर लगाई असुल गर्न सक्ने व्यवस्था छ । नगरपालिका क्षेत्र भित्र सञ्चालित अटो रिक्सा सम्बन्धी कार्यविधि बनाएको छैन भने नगरपालिकाको आर्थिक ऐन २०७९ को अनुसूची ४ मा अटोरिक्साबाट वार्षिक रु ३००० संकलन गर्ने उल्लेख भएकोमा सो वापत नगरपालिकाले राजस्व समेत उठाएको छैन । नगरपालिकामा सञ्चालनमा रहेका अटोरिक्साको विवरण एकीन गरी दर्ता नभएका सावरी साधन दर्ता गर्ने र दर्ता भएकाको दर्ता नविकरण गरी राजश्व असुली गर्नुपर्दछ ।

(च) आय प्राप्तिका लागि भएका (बहाल, लाइसेन्स, शुल्क जस्ता) सम्झौताहरु उचीत तरीकाले राखी सो अनुसारको असुल उपर र बाँकीको अवस्था लिई तोकिएको समयभित्रै राजस्व असुल भएको यकिन गर्नुपर्ने गरी तोकिएको छ । पालिकाले विभिन्न आय ठेक्काका व्यवसायीसँग सम्झौता मार्फत कार्य गर्ने गरेकोमा कबुलकर्ताहरुले तोकिएको अवधि भित्र सबै रकम बुझाए नबुझाएको अद्यावधि अभिलेख राखी असुली गर्नुपर्नेमा अभिलेखलाई व्यवस्थित रुपले राखेको र असुली भैसकेको भन्ने आधार देखिएन ।

सैद्धान्तिक बेरुजु

५२ **करदाताको अभिलेख** - सम्पूर्ण सरकारी तहका निकायहरुमा राजस्वको व्यक्तिगत लगत राखी सम्बन्धित जानकारीहरु जस्तै शुल्क दण्ड प्राप्ति तथा बाँकी विवरणहरु देखिने गरी म.ले.प.फा.नं १११ फारामको प्रयोग गर्नुपर्दछ । करदाताको व्यक्तिगत लगत राखि व्यक्तिले कति रकम बुझायो र कति बाँकी छ भनि अध्ययन गर्न यो म.ले.प.फा.नं प्रयोग हुनेमा नराखेकोले कारको विवरण हेर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

५३ **दाखिला अवस्था** - दाखिलाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ । जिम्मामा रहेको सरकारी नगदी रकम दश दिन सम्म ढिला गरेमा दाखिला बाँकी रकम र सोको दश प्रतिशत सम्म जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार कारवाही समेतको व्यवस्था छ । कार्यालयले विभिन्न वडा तथा केन्द्रमा संकलन गरेको राजस्व रकम सोही दिन बैंक दाखिला गर्ने नगरेको र दश दिन भन्दा बढि ढिला दाखिला गरेकोमा ऐनको व्यवस्था बमोजिम थप जरिवना गरी दाखिला गर्न नलगाएको अवस्था राजस्व असुली र दाखिलाको विवरणबाट देखिएको छ। छनौट गरी परीक्षण गर्दा देखिएको अवस्थाः

| वडा | राजश्व संकलन | दाखिला गर्ने | रकम | दाखिला मिति |
|---|---|---|---|---|
| १ | श्रावण | इन्द्र विक्रम खड्का | ४८३१८४ | २०७९।५।१० |
| १ | भाद्र | इन्द्र विक्रम खड्का | २०६८२५ | २०७९।६।७ |
| २ | भाद्र | रुपा वनेम | ७५५१२ | २०७९।६।७ |
| ८ | भाद्र | नारायण राई | २०२७८ | २०७९।६।२ |
| १ | असोज | इन्द्र विक्रम खड्का | १९६९०० | २०७९।७।६ |
| ५ | असोज | मन्जु कार्की | ३७५६९ | २०७९।७।२ |
| ८ | असोज | नारायण राई | ३४६५३।५ | २०७९।७।३ |
| ९ | असोज | रिता पाण्डे | १९६३१ | २०७९।७।२ |
| १ | कार्तिक | इन्द्र विक्रम खड्का | १६५५४५ | २०७९।८।८ |
| ५ | कार्तिक | मन्जु कार्की | ६१६२६ | २०७९।८।१ |
| ८ | कार्तिक | कुमार खड्का | १९३०२।६४ | २०७९।८।१३ |
| १० | कार्तिक | कमला थापा | १६१८८ | २०७९।८।७ |
| १ | मंसिर | इन्द्र विक्रम खड्का | १२१९७९।५० | २०७९।९।११ |
| ५ | मंसिर | मन्जु कार्की | ६९८८८ | २०७९।९।१ |

| | | | | |
|---|---|---|---|---|
| ८ | मंसिर | कुमार खड्का | १९१५८ | २०७९।९।३ |
| १ | माघ | इन्द्र विक्रम खड्का | २०६४५४।५ | २०७९।११।२५ |
| ८ | माघ | कुमार खड्का | ७२६०४।५ | २०७९।११।२ |
| १ | चैत्र | इन्द्र विक्रम खड्का | २५९११४।८९ | २०८०।१।५ |
| १ | बैशाख | इन्द्र विक्रम खड्का | १८३८५१।५ | २०८०।२।४ |
| १ | जेठ | इन्द्र विक्रम खड्का | १५६९३६।५ | २०८०।३।५ |
| २ | जेठ | नारायण रायमाझी | ४१५०१ | २०८०।३।३ |
| ५ | जेठ | मन्जु कार्की | ८४२८१।५ | २०८०।३।१ |
| ८ | जेठ | कुमार खड्का | ६६४७४।५ | २०८०।३।३ |
| १० | जेठ | कमला थापा | ५६८२९ | २०८०।३।३ |
| | | | | सैद्धान्तिक बेरुजु |

५४ **कर तथा शुल्क असुली-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । नगरपालिकाले ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति देहाय अनुसार रहेको देखिन्छ । साथै, नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । उदाहरणको लागि केही शिर्षकको आम्दानीको अनुमान र असुलीको स्थिति देहाय वमोजिम छ।

| **राजश्व संकेत आय शिर्षक** | **प्रक्षेपित आय** | **संकलन** | **फरक** | **संकलन प्रतिशत** |
|---|---|---|---|---|
| ११३१३ -एकीकृत सम्पती कर | ८०००००० | ७१२०५८८.६२ | ८७९४११.३८ | ८९.०१ |
| ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५००००० | ३०८७७२.५ | १९१२२७.५ | ६१.७५ |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | २७००००० | १६२२०४९.२९ | १०७७९५०.७१ | ६०.०८ |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | २००००० | १७०४००. | २९,६००.०० | ८५.२ |
| १४२४२ - नक्सापास दस्तुर | १५००००० | ७४८३७२.२२ | ७५१६२७.७८ | ४९.८९ |
| १४२४५ - नाता प्रमाणित दस्तुर | २५०००० | २२५८२०. | २४,१८०.०० | ९०.३३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

**५५ आय ठेक्का**

५५.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च) ले ढुंगा गिट्टी वालुवा जस्ता नदी जन्य पदार्थको दर प्रदेशले निर्धारण गर्ने र पालिकाहरुले आय आर्जन गर्ने व्यवस्था गरेकोमा नेपाल सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको ऐन, २०७५ को दफा ३४(३) ले प्राकृतिक वस्तुको विक्री वितरण नगरपालिकाले गर्न सक्ने र यसरी प्राप्त रकम नगरपालिकाको संचित कोषमा आम्दानी गर्ने व्यवस्था गरेको छ । यसरी दर निर्धारणको क्षेत्राधिकार नगरसभामा दिएको र निर्धारण भएको दरलाई आधारमानी उत्खनन र संकलनको अनुमति दिने र विक्रीको लागि अनुमति दिने काम नगरपालिकाले गर्नुपर्ने देखिन्छ । कोशी प्रदेश आर्थिक ऐन, २०७९ को दफा ६ अनुसुचि ४ अनुसार ढुङ्गा गिटी रोडा चट्टानको प्रति क्यू फिट रु.६ र वालुवाको प्रति क्यूफिट रु.४.७५ निर्धारण गरिएको छ । नदीको वगरक्षेत्रबाट दिगो रुपमा ढुङ्गा,गिट्टी, तथा वालुवाको संकलन तथा उत्खनन कार्यको लागी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार २१३०० घनमिटर उत्खनन गर्न सकिनेमा यस वर्ष उत्खनन कार्य गरिएको छैन । प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत भएको मितिले २०७८ र २०७९ गरी २ वर्षको लागी मात्र वैधानिकता रहने उल्लेख छ । प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार ढुङ्गा, ग्राभेल, वालुवा २१३०० घनमिटर उत्खनन गर्न सकिने उल्लेख गरेको भएता पनि उत्खनन प्रक्रिया अगाडी वढाएको छैन । जसले गर्दा तपसिलको ढुङ्गा ग्राभेल वालुवाबाट स्थानिय तहलाई रु ४०४०९६९ आम्दानी हुन सकेन । प्रतिवेदनको कार्यान्वयन गरिनुपर्दछ ।

| सि.नं. | स्थान | उत्खनन परिमाण घन मिटर | गिट्टी | बालुवा | ढुंगा |
|---|---|---|---|---|---|
| १ | फोङसुवा | १८००० | ५४०० | ९००० | ३६०० |
| २ | पात्ले | ४५० | १३५ | २२५ | ९० |
| ३ | रुदवा | ४५० | १३५ | २२५ | ९० |
| ४ | धनकुटे | २४०० | ७२० | १२०० | ४८० |
| | | २१३०० | ६३९० | १०६५० | ४२६० |

सैद्धान्तिक बेरुजु

**५५.२ जमानत जफत नगरेको**

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु. २०००००।-सम्परीक्षण गरिएको ।**

५६ **व्यवसाय कर** - नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा ५ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्ता र नविकरणमा नगरपालिकको आर्थिक ऐनले निर्धारण गरे बमोजिम वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्ने व्यवस्था छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३०,३२,४७० कर संकलन गरेको छ । राजश्व शाखाबाट प्राप्त व्यवसाय कर असुली सम्बन्धमा दर्ता हुन बाँकी र गत वर्षसम्म दर्ता भएका व्यवसायीहरुको विवरण अध्यावधिक गरेको छैन । गत विगत वर्षमा व्यवसाय दर्ता गरेका व्यवसायीहरुले कुन/कुन आर्थिक वर्षको लागि नविकरण गर्न बाँकी हो सो खुल्ने विवरण समेत तयार नगरेका कारण नगरपालिकाले प्राप्त गर्न बाँकी रकम यकिन गर्न सकिएको छैन । अभिलेख अद्यावधिक गरी असुल हुन बाँकी रकमको लगत तयार गर्नुपर्दछ । गत वर्षको व्यवसायको विवरण राजश्व सफ्टवेयरमा इन्ट्री नभएकोले राजस्वको सफ्टवेयरमा नविकरण गर्ने, दर्ता गर्ने, वार्षिक कर नतिर्ने, समयमा नतिरेको कारण जरिवाना लगाएका करदाता आदिको छुटछुटै अभिलेख देखिने गरी राजस्वको सफ्टवेयरमा राख्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५७ **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायिबाट रु. ७११६९५ असुल गर्ने बाँकी रहेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

| **ब्यापारिक संरचना वा ठेक्काको नाम** | **ठेकेदार वा प्रयोगकर्ताको नाम** | **आ.व.२०७९।०८० को बक्यौता** |
|---|---|---|
| संयुक्त माईक्रो बस ब्यवसायि संघ(त्रिरत्न), धनकुटा | रेष्टुरेण्ट पसलकवल १ | ७२,००० |
| ब्यापारिक भवन,धनपा ७ बसपार्क | दिपक कुमार श्रेष्ठ | १,१२,००० |
| कफि सप, धनपा ७ बसपार्क | युवा तिम्सिना | ७९६९५ |
| ब्यापारिक भवन, धनपा ७ | लोकेन्द्र कटुवाल | १,२०,००० |
| बिज्ञापन कर ठेक्का | रुड्स एडर्टाईजिङ काठमाण्डौं | २७५००० |
| बिहिबारे हटिया, धनपा ५ को पटके शूल्क संकलन | जिना श्रेष्ठ | ५३००० |
| **जम्मा** | | **७,११,६९५** |

| असुल गर्नुपर्ने | ७,११,६९५ |
|---|---|

५८ **कर संकलन प्रणाली** - कार्यालयले राजश्व संकलनका लागि कर संकलन प्रणाली सफ्टवयर संचालनमा ल्याएको छ । जसको सपोर्ट सफ्टेक इन्फोसिस प्रा.लि., काठमाडौंले उपलब्ध गराइरहेको पाइयो । उक्त कर संकलन प्रणालीबाट सिर्जित आ.व. २०७९/८० को प्रतिवेदन परीक्षण गर्दा यस वर्ष १३२७४ जना करादाताले कर तिरेको पाइएन ।

| विवरण | रकम |
|---|---|
| जम्मा दर्ता भएका करदाताहरु | १७७२८ |
| जम्मा घर भएका करदाताहरु | ६९५८ |
| जम्मा जग्गा मात्र भएका करदाताहरु | १०७७० |
| जम्मा व्यवसाय भएका करदाताहरु | ३२७४ |
| यस आ.व. को जम्मा कर तिर्ने बाँकी करदाताहरु | १३२७४ |

सफ्टवेयरको प्रयोग तथा तथ्यांकः आन्तरिक आय संकलनका लागि सफ्टवेयर प्रयोगमा रहेको र इन्ट्री गरेको डाटा युजरले सहज रुपमा इडिट गर्न सकिने अवस्था रहेकोले सम्पति कर मुल्यांकन गर्दा करदाताको सम्पति नगरपालिकाको आर्थिक ऐन,२०७९ को दफा १ मा उल्लेख भएकै जग्गाको वर्गीकरणमा मुल्यांकन भएको छ भनी कुरामा विश्वस्त हुन सकिएन । यस्तो अवस्थामा जति राजस्व उठ्नु पर्ने हो त्यति उठ्न नसक्ने हुँदा राजस्व प्रशासनलाई अनुशासित र पारदर्शी बनाउन विभिन्न महाशाखासँग समन्वय गरी युजरले इन्ट्री गरेको डाटा इडिट गर्ने अवस्था आएमा प्रमुख प्रशासकीय अधिकृत स्तरबाट निर्णय पश्चात मात्र इडिट हुने व्यवस्था मिलाउनका लागि व्यवस्थापन पक्षको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । कार्यालयले राजस्व सम्बन्धमा सफ्टवेयर प्रयोग गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् ।

- वक्यौता रहेका करदाताले गत विगतको नबुझाइ यस वर्षको मात्र तिर्न मिल्ने व्यवस्था रहेकोले यसमा सुधार गर्नुपर्ने
- सफ्टवेयरमा डाटा फेर्न मिल्ने देखिएकोमा के के तथ्याङक परिवर्तन गर्यो सोको अभिलेख नदेखिएको
- सफ्टवेयरबाट निस्कने तथ्याङ्कलाई दैनिक रुपमा ब्याकअप गर्नुपर्नेमा सो नगरेको साथै आईटी सुरक्षाको व्यवस्था नगरेको
- रद्द गरेको राजस्वको भौचर संख्या कति कुन कुन हो र कुल कति भौचर रद्द गर्यो सोको अभिलेख नदेखिएको
- करदाताको संख्या देखिने तर बक्यौता रकम नदेखिने
- राजश्व लेखा प्रणाली सफ्टवेयरले सबै वडा कार्यालयहरुबाट पठाइएको आम्दानी रिपोर्ट प्रतिबाट राजस्व तथा आम्दानीको लेखा राख्ने गर्दछ । तर कर तथा राजस्व कति कहिले असूल गर्नुपर्ने तथा अन्य राजस्व नियन्त्रणका लागि यो सफ्टवेयरले सहयोग गरेको देखिएन । यो सफ्टवेयर सुत्रसँग आबद्ध नभएकोले राजस्वसँग सम्बन्धित सूचनाहरु पुनः सुत्रमा प्रविष्ट गर्नुपर्ने देखिन्छ । जसबाट कार्य दोहोरिने हुँदा समग्रमा उचित रुपमा हिसाब राख्न कठिन देखिन्छ ।

राजस्वको सफ्टवेयर प्रयोगको लागि आवश्यक म्यानुअल नभएको कारण कुन कुन विवरण कहाँबाट देखिन्छ भन्ने एकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

५९ **घर बहाल कर -** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ मा नगरपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक तवरले भाडामा दिएकोमा भाडा कर लगाउन पाउने व्यवस्था छ । त्यस्तै नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा ४ मा समेत यस सम्बन्धी कर असूल गरिने उल्लेख छ । नगरपालिकाले आव २०७९।८० मा रु ६१,४९,००८।६० घर बहाल कर असूल गरेको छ । नगरपालिकाले घरबहाल कर असूल गर्दा कर लिन मिल्ने सबै क्षेत्रको पहिचान गर्न सकेको छैन । घर जग्गा उपयोगको अवस्था अध्ययन गरी घर बहाल करको हिस्सा बढाउने तर्फ नगरको ध्यान जान आवश्यक देखिन्छ । अनिवार्य रुपमा तिर्नुपर्ने कर्पोरेट करदाताहरुबाट प्राप्त भएको घरबहाल रकम मात्र घरधनीहरुले तिर्ने गरेको अवस्था छ । राजश्व सफ्टवेयरले वहाल आय एकिन हुने करदाताको विवरण राखेको छैन । करदाताको ठूलो संख्या घरवहाल करको दायरामा नआएकोले यस सम्बन्धमा नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६० **नक्सापास दस्तुर** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ बमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिका भित्र बनिरहेका सम्पूर्ण घरहरुलाई करको दायरामा ल्याई नक्सा पास पछि मात्र घर बनाउने इजाजत दिनुपर्ने व्यवस्था छ । यस वर्ष नक्सापास दस्तुर रु. ७,४८,३७२।२२ असुली भएको देखिन्छ । नगरपालिकाले नक्सा पासको लागि अनुरोध भई आएका घरजग्गाको मात्र नक्सा पास गर्ने गरेको देखियो । निर्माण इजाजत नलिई बनाइराखेका भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहन गरी राजस्व वृद्धि गर्ने तर्फ आवश्यक पहल गर्नुपर्दछ ।

| **विवरण** | **जम्मा** |
|---|---|
| घरनक्सा पासको निवेदन | ३४ |
| प्रथम चरणको अस्थायी निर्माण इजाजत पत्र संख्या | ३४ |
| दोस्रो चरणको इजाजत पत्र संख्या | १२ |
| भवन निर्माण कार्यसम्पन्न प्रमाण पत्र | ६४ |
| भवन अभिलेखिकरण सम्पन्न पत्र | ० |

नगरपालिकाले नक्सापास दस्तुर संकलन गर्दा प्रोजेक्सन(छजी) को गणना नगरी कुल एरियाको मात्र गणना गरेको छ भने मन्दिरहरुको नक्सापास दस्तुर संकलन नभएको अवस्था छ । बढ्दो शहरीकरणमा भएको निर्माण कार्यलाई समयमै व्यवस्थित बनाउन पालिकाले यो सेवालाई समय सापेक्ष, दक्ष तथा प्रभावकारी बनाई आन्तरिक आयको महत्वपूर्ण श्रोत रहेको क्षेत्रलाई व्यवस्थित गरि सुधार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **नगरपालिकाको भवन भाडा** - नगरपालिकाको भवन भाडाको दररेट एवं छुट पालिकाले आर्थिक ऐन मार्फत नै प्रत्येक ब्लकको कोठाको दररेट तोकेको छ । ध.न.पा. ७ बसपार्क स्थित ४ वटा पसलकवलहरु यातायात व्यवसायी संस्थालाई तोकिएको दरमा ५० प्रतिशत छुटको समेत व्यवस्था आर्थिक ऐनले गरेको

देखिन्छ ।विगतदेखिकै भाडादरलाई नै आर्थिक ऐनमा तोकेर सामान्यरुपमा मात्र दरमा हेरफेर गरेको छ । समायानुकुल बजारदरको बिश्लेषण वेगर नै पुरानै व्यक्तिलाई भाडामा दिने कार्य गर्न निरन्तरता गरेको देखिँदा भाडा आयमा बृद्धि भएको देखिँदैन । नगरपालिकाले यस वर्ष नगरपालिकाको बसपार्क स्थित व्यापारिक भवन सञ्चालनबाट देहाय बमोजिम आम्दानी गरेको छ।

| विवरण | कवल संख्या | भाडामा नलागेको | रकम |
|---|---|---|---|
| व्यापारिक भवन धनपा ७ बसपार्क | २९ | २ | २२५२०१७।५० |
| रेष्टुरेन्ट तथा पसल कवल धनपा ७ बसपार्क | २० | ४ | १२७२००० |
| व्यापारिक भवन धनपा ७ पिपलबोट | १२ | ० | ६७२००० |

**समसामयिक दरमा भाडा निर्धारण नगर्ने एवं प्रतिस्पर्धात्मक तवरले भाडा लगाउनुपर्नेमा सोको पालना भएको छैन । जसले गर्दा नगरपालिकाको प्राप्त गर्नुपर्ने भाडा आय न्यून देखिएको छ । भाडा समायनुकुल अद्यावधिक हुनुपर्दछ**

सैद्धान्तिक बेरुजु

६२ **सरसफाई खर्च र आम्दानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन र नियमन गर्नु पर्ने व्यवस्था छ। धनकुटा नगरपालिकामा ६ स्थायी कर्मचारी, सवारी चालक ४ तथा १२ थप करार र ज्यालादारीमा कर्मचारी नियुक्त गरी सरसफाइमा वार्षिक रू. ८४ लाख ९४ हजार खर्च लेखेको छ । त्यस्तै, फोहोर संकलनका लागि प्रयोग भएको ३ वटा ट्याक्टरमा रु.१३४१३४८।८८ मर्मत खर्च र इन्धनमा पनि केही रकम खर्च भएको देखिन्छ । धनकुटा नगर आर्थिक ऐन, २०७९ को दफा ११ अनुसूची ९ को बुँदा नं १० र ११ मा सरसफाइ सेवा शुल्क सम्बन्धी व्यवस्था छ । नगरक्षेत्रमा व्यवसाय संचालन गरेका व्यवसायी र घरधुरीबाट यस वर्ष वर्षभरिमा रु. १८६१६३०।५० सरसफाई शुल्क संकलन भएको छ । नगरले सरसफाई खर्चको अनुपातमा शुल्क सङ्कलन गरी राजस्व आम्दानी न्यून गरेको देखिन्छ । फोहोर संकलन तथा व्यवस्थापन फोहोर व्यवस्थापन कार्यलाई लागत प्रभावी बनाई सरसफाई संकलन शुल्क समायोजन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६३ **संस्था संचालन खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने उल्लेख छ । पालिकाले चालु प्रकृतिको अनुदान दिई संस्थाको संचालन खर्च तथा भ्रमण खर्च जस्ता कार्यमा देहाय वमोजिम रु.११४२३३४ भुक्तानी भुक्तानी गरेको छ । यसरी अन्य कार्यालयको प्रयोजनमा खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने, कार्यालयले प्रदान गर्ने सेवाप्रवाहमा असर पर्ने तथा अफिस संचालन तथा भ्रमणको लागि चालु प्रकृतिको अनुदान दिएको नियम सम्मत नदेखिएको रु.............

| भौ र मिति | कार्यलयको नाम | वापत | रकम वार्षिक |
|---|---|---|---|

| पुँजीगत | | | |
|---|---|---|---|
| ६५।०७९।०८।१९ | योङ स्टार ग्रुप धनकुटा १ | फर्निचर खरिद | १००००० |
| ९६।०७९।०९।१३ | हिले क्याम्पस धनकुटा | शैक्षिक भ्रमण | १००००० |
| १२३।०७९।०९।२६ | सामाजिक लक्ष्मी युवा क्लब | फर्निचर खरिद | ३००००० |
| १५६।०७९।१०।१८ | हिले ब्याडमन्टन क्लब,धनकुटा | इन्भटर खरिद | २००००० |
| १८२।०७९।१०।२९ | समाज कल्याण संस्था | मसलन्द | १५०००० |
| ४००।०८०।०१।०१ | महिला विकास वहुउद्देश्य सहकारी संस्था लि. | ट्रस निमार्ण | ९८००० |
| ४३७।०८०।०२।२१ | वसपार्कमा सुरक्षाकर्मी वस्ने भवन निमार्ण | भवन निमार्ण | १९४३३४ |
| **जम्मा** | | | **११४२३३४** |

| | |
|---|---|
| अनियमित भएको | ११,४२,३३४ |

६४ **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजीको सेवा शर्तको कानून वमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तीभरण औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि एक अवकाश कोषको स्थापना गर्नुपर्ने छ । सोही दफा को उपदफा २ मा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कल्याणकोषमा गत वर्ष रु ७१,६९,६४१.३१ मौज्दात रहेकोमा भौचर ५९६-२०७९।११।२१ औषधी उपचार शिर्षकबाट रु.१०,००,०००,६११-२०७९।१२।०१ बाट रु. १०,००,००० तथा वातावरण कोषबाट रु३,००,००० गरी कुल रु. ९४६९६४१.३१ आम्दानी देखिएको छ । यस वर्ष निम्न कर्मचारीहरुलाई उपदानवापत कल्याणकोषबाट खर्च गरी कोषमा रु २,०६९.३१ मात्र बाँकी रहेको छ । दीर्घकालिन दायित्वको रुपमा सिर्जना हुने अवकाश सुविधाहरु सहज रुपमा भुक्तानी गर्न कार्यालयले अवकाश कोषलाईलाई ब्यवस्थित र कार्यविधि निमार्ण गरेर संचालन गर्नुपर्दछ

| क्रस | कर्मचारी | रकम | प्रयोजन |
|---|---|---|---|
| १ | दुर्गा भण्डारी | २२८४५२६ | अवकाश |
| २ | गोविन्द अधिकारी | ५७३७०७१ | अवकाश |
| ३ | श्री राम साह | ३२४०५२।९३ | राजिनामा |
| ४ | स्व. खगेन्द्र रायमाझी | ८९८९२३।०० | परिवार उपदान |
| ५ | पूर्व कर्मचारी सम्मान | २२३००० | सम्मान स्वरुप |

सैद्धान्तिक बेरुजु

६५ **उपदानमा बढी व्ययभार** - स्थानीय तहले स्थानीय ऐन, नियमावली बनाउँदा संघीय ऐनसँग बाझिने गरी बनाउन हुँदैन । धनकुटा नगरपालिकाको कर्मचारी सेवा ऐन, २०७७ को दफा १२६ (१) को ङ मा पच्चिस वर्ष भन्दा बढी जतिसुकै वर्षसम्म सेवा गरेको भएपनि कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी तीन महिनाको तलब उपदान पाउने व्यवस्था गरेको छ । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा २६८ (ङ) मा पच्चीस वर्षभन्दा बढी सेवा गरेका स्थानीय निकायका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाईपाई आएको अढाई महिनाको तलव बराबरको रकम उपदान दिने व्यवस्था छ । यसरी संघीय ऐन भन्दा फरक पारी व्यवस्था गरेको देखिन्छ । उक्त फरक व्यवस्थाले यस वर्ष कार्यालयका कर्मचारी गोविन्द अधिकारीलाई उपदान वापत दिएको भुक्तानीमा देहायबमोजिम बढी व्ययभार रु६८९९४५ भएको देखिन्छ ।

| आखिरी तलब स्केल | जम्मा महिना(३५X३) | हुनुपर्ने (३५X२.५) | उपदान वापत भुक्तानी | हुनुपर्ने | बढी व्यभार |
|---|---|---|---|---|---|
| ३९४२६ | १०५ | ८७.५ | ४१३९७२० | ३४४९२०१ | ६८९९४५ |

सैद्धान्तिक बेरुजु

६६ **नगर विकास कोष ऋण** - धनकुटा नगरपालिका र नगर बिकास कोषबीच २०७८।१२।१५ मा धनकुटा न.पा. वडा नं १, ३, ४ र ६ मा "डिप बोरिङ्ग तथा रिजर्भायर ट्याङ्की" आयोजनाको निर्माण सञ्चालन तथा व्यवस्थापनका लागि नगर विकास कोषले रु ३,०८,५६,५००(९० %) र धनकुटा नगरपालिकाले रु.३४,२८,५०० (१०%) लागत व्यहोर्ने गरी कुल लागत अनुमान रु ३,४२,८५,००० मा सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार प्राप्त हुने ऋणको साँवा भुक्तानी गर्नुपर्ने अवधि १२ वर्ष र ग्रेस अवधि १ वर्ष रहेको, वार्षिक व्याजदर ५ प्रतिशत रहेको छ । सम्झौताको बुँदा २.५ मा नगरपालिकाले कोषबाट लिएको ऋण रकमको तोकिए अनुसारको साँवा ब्याज भुक्तानी गर्न नगरपालिकाबाट मासिक सेवा शुल्क बाट उठाएको रकम नगरपालिकाको नाममा जम्मा गरी कोषलाई नियमित भुक्तानी गर्नुपर्ने, बुँदा २.११ मा नगरपालिकाले आयोजनाबाट नै कर्जा भुक्तानी हुन सक्ने गरी नगर विकास कोषले सिफारिस गरेको पानी महसुल दर लागु गर्नुपर्ने ब्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका अन्य ब्यहोरा देहाय वमोजिम छन ।

६६.१ सम्झौता अनुसार नगर विकास कोषबाट पालिकालाई ऋण रकम रु. ३,४२,८५,००० मध्ये हालसम्म रु ९४,४७,६९८।१३ प्राप्त भएको छ भने यस आर्थिक वर्षमा आन्तरिक ऋणको व्याज रकम रु. २,३४,६७४.४८ भुक्तानी गरेको छ । सम्झौता वमोजिम संचालन हुने आयोजना मध्ये हाल सम्म आर सिसि खानेपानी ट्याङकी निमार्ण वापत्त रु. १७४५०८७ र हिले खानेपानी ट्याङ्की निमार्ण डिप वोरिङ वापत्त रु.७७२२७१८ गरी जम्मा रु. ९४६७८०५ खर्च भएको देखिन्छ । सम्झौता वमोजिम संचालन हुनपर्ने आयोजना संचालन हुन नसकेको तथा सम्झौता कार्यान्वयन प्रभावकारी नभएकोले पालिकाको ऋण उपयोग क्षमता न्युन देखिन्छ । मिति २०७८ चैत्रमा सम्झौता भएपनी उल्लेखित ऋण रकम कहिले सम्म लिईसक्नु पर्ने हो र कति अवधी भित्र परियोजना निमार्ण तथा संचालन हुनुपर्न हो सम्झौतामा उल्लेख गरिएको छैन ।

जसले गर्दा परियोजन आशिंक रुपमा मात्र कार्यान्वयन भएकोले ऋण सम्झौता मागमा आधारित र वस्तुपरक देखिएन ।

सैद्धान्तिक बेरुजु

६६.२ निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आइसकेको खानेपानी आयोजनाको समेत खानेपानीको बिक्रि वितरणबाट प्राप्त हुने शुल्क तथा आम्दानी पालिकालाई प्राप्त भएको नदेखिएकोले उपभोक्ता समितिले उठाए नउठाएको एकिन गर्न सकिएन । सम्झौताको दफा २.११ अनुसार आयोजनाबाटै कर्जा भुक्तानी हुने प्रवन्ध नमिलाई पालिको स्रोतबाट नै ब्याज भुक्तानी भएकोले ब्याज भुक्तानीमा खानेपानी उपभोक्ता समितिको लागत साझेदारी भएको देखिएन । सम्झौताका सर्तहरु पालना गरी खानेपानी आयोजनाको आम्दानीलाई प्रभावकारी परिचालन गरी तिर्नुपर्ने ऋणको साँवा र व्याजलाई तोकिएको समय अवधि भित्र चुक्ता गर्नेतर्फ आयोजना र पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६.३ नगर विकास कोषको ऋणबाट निमार्ण हुने गरी हिले खानेपानी टयाङ्की (डिप बोरिङ्ग) निर्माणको लागि धनकुटा नगरपालिका र खानेपानी तथा सरसफाई उपभोक्ता समिति, हिले बिच धनकुटा नपा वडा १ मा ३ वटा डिप बोरिङ्ग गर्न जम्मा रु ९४४७६९८।१३ मध्ये १० प्रतिशत अर्थात रु ९४४७६९।८१ उपभोक्ताको लागत साझेदारी गरी बाँकी रु ८५०२९२८।३१ उपलब्ध गराउने गरी मिति २०७९ श्रावण १३ सम्झौता भएको देखिन्छ । उपभोक्ता समितिलाई नै लागत अनुमान देखि अन्तिम मूल्यांकन समेतको कार्य गर्ने गरी सम्झौता भएकोमा मिति २०७९।९।२६ मा कार्यसम्पन्न भएको भनि उपभोक्ता समितिले भुक्तानी माग गरेको छ । कार्यालयबाट मिति २०७९।११।२३ गते नापी मूल्यांकन, अन्तिम प्रतिवेदन लिने र लेखापरीक्षण गराउने समेत उपभोक्ता समितिले गर्ने गरी अनुदान वापत नगरविकास कोषको मिति २०७९।११।१२ मा प्राप्त ऋणबाट रु ७७२२७१८ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका ब्यहोरा देहाय वमोजिम छन् ।

- सम्झौताको दफा २.६ मा नगरपालिकाले निमार्णस्थल ब्यवस्था गरेर प्रचलित कानून अनुसार निमार्ण कार्य वोलपत्र मार्फत गर्नुपर्ने, कोषको सहमती लिई वोलपत्र आह्वान गर्नुपर्ने,वोलपत्रको मूल्याँकन नगरपालिकाले गरी कोषको सहमतीका लागि सिफारिस सहित पेश गर्नुपर्ने र कोषले सहमती दिएपछि वोलपत्र स्वीकृत गर्नुपर्न ब्यवस्था छ । सार्वजनिक निकायले सार्वजनिक खरिद कानून वमोजिम पारदर्शि तथा प्रतिस्पर्धात्मक तरिकाले वोलपत्र प्रकाशन गरिसकेपछि सोही कानून वमोजिम अधिकार प्राप्त अधिकारीले स्वीकृत गर्न सक्ने प्रावधान विपरित ऋण प्रदायक संस्थाको सहमती र पूर्व स्वीकृतिमा मात्र वोलपत्र प्रकाशन, मूल्याङ्कन र स्वीकृतको कार्य हुने गरी सम्झौता भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २३, २५ ,२६ र २७ को ब्यवस्थाको आशय विपरित हुने गरी सम्झौतामा उल्लेख भएका विषयहरु तर्फ पालिकाले ध्यान दिएको देखिएन ।

- पालिकामा पेश भएको विवरण परिक्षण गर्दा एक डिप बोरिङको लागत प्रति डिप बोरिङ रु.३१४०८३५ (भ्याट समेत) कायम गरी उपभोक्ता समितिले पर्ल्स ड्रिलिङ एण्ड कन्स्ट्रक्सन प्रालीलाई बोरिङ कार्य गर्ने गरी सम्झौता गरेको छ । जस्मा उक्त प्रालीले ३ ठाउँमा डिप बोरिङको कार्य गरेको छ । जसको कुल लागत रु.९४२२५०५ हुन आउँछ ।निर्माण व्यवसायी मार्फत गराउने कार्य उपभोक्ता समितिलाई अनुदान प्रदान गरेको र उक्त कार्य फेरि निर्माण व्यवसायीले नै

गरेको देखिन्छ । उपभोक्ता समिति सँग सम्झौता गरेकोमा उक्त कार्य गरेवापत पर्ल्स ड्रिलिङ एण्ड कन्स्ट्रक्सन प्राली मार्फत गराएकोमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गरी खुल्ला प्रतिस्पर्धाबाट काम भए नभएको, आयकर ऐन तथा नियमावली वमोजिम कट्टागर्नुपर्न कर कट्टा भए नभएको, मूल्य अभिवृद्धि कर ऐन वमोजिम मुल्य अभिवृद्धि कर दाखिला भए नभएको एकिन गर्न सकिएन । यसरी उपभोक्ता सँग सम्झौता गरेकोमा निमार्ण ब्यवसायी सँग काम गराउदा आउने कानूनी जटिलता र परिपालन सम्बन्धमा पालिकाले ध्यान दिएको देखिएन। तर्सथ पालिकाले उपरोक्त कार्य गराउँदा सार्वजनिक खरिद ऐन नियम तथा कर कानून वमोजिम कर दाखिला भए नभएको यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४,२२,५०५ |

६६.४ पालिकाले नगरविकास कोषबाट ऋण लिई सोको खर्च वील भरपाई तथा लेखापरीक्षण समेत समितिबाट हुने गरी निर्शत अनुदान दिएको दिएको देखिन्छ । पालिकाबाट दीर्घकालिन दायित्व सिर्जना हुने गरी ऋणमा संचालित आयोजनाहरुको लगानी तथा कारोबार पारदर्शीहुने तथा अनुदानको पूर्ण सदुपयोग हुने सुनिश्चित आधारहरु तयार गरेको देखिएन । उपरोक्त आयोजनाहरुको प्रभावकारी अनुगमन मार्फत स्रोत सदुपयोगको सुनिश्चित हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६७ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । नगरपालिकाले यस बर्ष लागत अनुमान तयार बेगर वहाल कर र व्यवसाय करको सफ्टवेर खरिद गरि जिओसफ्ट टेक्नोलोजी प्रा.लि. रु.४,९८,३३० भूक्तानी दिएको छ । खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८ **अवकाश कर्मचारीलाई उपहार** - यस नगरपालिकाका सेवा निवृत्त प्रमुख प्रशासकिय अधिकृत राम बहादुर थापालाई मिति २०८० बैशाख २४ गतेको कार्यापालिकाको निर्णय नं ६ मा २०८० जेठ ८ गते देखि अनिवार्य अवकाश हुनु भएकाले नगरपालिकाको तर्फबाट विशेष सम्मान स्वरुप रु.२५०००० उपलब्ध गराउने निर्णय भएको देखिन्छ । कर्मचारी कल्याणकोष शिर्षकबाट गृह लक्ष्मी ज्वेलर्सको मिति २०८०।२।९ विजक नं. ३५३ बाट प्रति तोला रु. १११५०० को दुई तोला सुनको औठी कुल रु.२२३००० बराबरको खरिद गरी भुक्तानी गरेको छ । उक्त खरिद गरेको औठी तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लाई उपहार स्वरुप दिएको भन्ने कार्यालयबाट जवाफ प्राप्त भयो । कर्मचारी अवकाश हुँदा कर्मचारी सेवा सुविधा सम्बन्धी नियमावली बमोजिमका अवकाशका सुविधाहरु मात्र कार्यालयले भुक्तानी गर्न मिल्ने देखिएकोमा कार्यपालिकाबाट निर्णय गरी उपहार खरिद गरी दिनु नियमविपरित भएकोले सम्बन्धित ब्यक्तीबाट उक्त रकम असूल गरी संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२३,००० |

६९ **परिपालना लेखापरीक्षण** - अध्ययनको उद्देश्यः सहकारी संस्थामा देश व्यापी रुपमा समस्या भई रहेको वर्तमान परिप्रेक्षमा महालेखा परीक्षकको कार्यालयले परिपालना सम्बन्धी लेखापरीक्षण गर्न सक्ने कानूनी व्यवस्था भए अनुशार सहकारी संस्था सम्बन्धमा संघीय,प्रदेश तथा स्थानीय तहमा सहकारी संस्था दर्ता तथा संचालनका लागि आवश्यक कानून तथा कानूनको परिपालना सही रुपमा भए नभएको के कस्ता समस्याहरु रहे नरहेको भन्ने समेत सम्बन्धमा परीक्षण गरि आवश्यकता तथा कमी कमजोरी पहिचान गरि सुझाव तथा निर्देशन दिई सहकारी सम्बन्धी समस्याहरुलाई समयमानै समाधान गरी सुशासन कायम गर्नु नै मूख्य उद्देश्य रहेको छ ।

६९.१ **अध्ययनवाट देखिएको अवस्थाः** यस धनकुटा नगरपलिकाका प्रमुख प्रशासकीय अधिकृत श्री मुक्तिनाथ सुवेदीलाई संस्था दर्ता गर्ने अधिकारी तथा आर्थिक विकास शाखाका आर्थिक विकास अधिकृत श्री विकास अधिकारी सहकारी संस्था सम्बन्धी काम गर्ने शाखा प्रमुख रहनु भएको छ ।धनकुटा नगरपालिकाले सहकारी संस्थाका लागि आवश्यक पर्ने सहकारी ऐन,२०७५, सहकारी नियमावली,२०७८ तथा धनकुटा नगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड,२०७८ जारी भई कार्यन्वयनको अवस्थामा रहेको देखिन्छ । यस कार्यालयमा अन्य सहकारी कार्यालयवाट जिम्मेवारी सरी आएका तथा यस कार्यालयमा दर्ता रहेका सहकारी संस्थाहरु देहाय वमोजिम रहेको देखिन्छ ।

| **क.स.** | **प्रकृति** | **संख्या** |
|---|---|---|
| १ | वचत तथा ऋण सहकारी संस्था | २३ |
| २ | वहुउद्देश्यीय सहकारी संस्था | ७ |
| ३ | दुग्ध सहकारी संस्था | ५ |
| ४ | उपभोक्ता सहकारी संस्था | ६ |
| ५ | विद्युत सहकारी संस्था | १ |
| ६ | खेलकुद सहकारी संस्था | १ |
| ७ | श्रमिक सहकारी संस्था | १ |
| ८ | कृषि सहकारी संस्था | ३२ |
| **जम्मा** | | **७६** |

उल्लेखित ७६ वटा सहकारी संस्था मध्ये मिति २०८०/०४/२९ को निर्णयवाट देहाय बमोजिमका १७ (सत्र) वटा सहकारी संस्थालाई खारेज गर्ने निर्णय गरिएको देखिन्छ ।

| **क.स.** | **प्रकृति** | **खाजेरी** | **बाँकी** |
|---|---|---|---|
| १ | वचत तथा ऋण सहकारी संस्था | ४ | १९ |
| २ | दुग्घ सहकारी संस्था | १ | ४ |

| | | | |
|---|---|---|---|
| ३ | उपभोक्ता सहकारी संस्था | ३ | ३ |
| ४ | विद्युत सहकारी संस्था | १ | - |
| ५ | कृषि सहकारी संस्था | ९ | २३ |

- खारेज पश्चात यस कार्यालयमा ५७ सहकारी संस्था बाँकी रहेको देखिन्छ ।

- सहकारी कानूनको निर्माण भई सहकारी संस्थाहरुले आफ्ना प्रतिवेदन/जानकारी यस नगरपालिकालाई बुझाउने गरेको तथा नगरपालिकाबाट सामान्य अनुगमनको काम शुरु गरेकोलाई सकारात्मक रुपमा लिन सकिन्छ ।

सैद्धान्तिक बेरुजु

६९ यस क्षेत्रमा देखिएका समस्या तथा कमी कमजोरीहरु

.२ १. यस धनकुटा नगरपालिकावाट जारी भएका ऐन, नियम र मापदण्डका कतिपय प्रावधानहरु एक आपसमा बाझिएको ।

२. बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन, सम्पत्ति शुद्धिकरण निवारण,सहकारी संस्थाको साधारण सभा,सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धन सम्बन्धमा छुट्टै निर्देशिका जारी नभएको ।

३. जारी गरिएका कानून कार्यान्वयन भए नभएको सम्बन्धमा सुक्ष्म निरीक्षण अनुगमन हुन नसकेको ।

४. खारेज गरिएका सहकारी संस्थाको ऋण धन व्यवस्थापनका लागि सहकारी ऐन २०७५ को दफा ६७ बमोजिम लिक्वीडेटर नियुक्त गर्नु पर्नेमा नगरेको ।

५. दुई वर्ष सम्म वार्षिक साधारण सभा समेत नगर्ने सहकारी संस्थालई खारेज गर्नु नपर्ने कारण सहित मितिः २०८०/०४/३० गते सूचना प्रकाशित गरि सुनुवाईको समय दिइएकोमा १७ वटा सहकारी संस्थालई खारेज गर्ने निर्णय गरेको, समृद्धि वचत तथा ऋण सहकारी संस्था लिमिटेडले कुनै राय प्रतिकृया,स्पष्टीकरण नदिएको तथा वचत कर्ताले उजुरी समेत दिएको अवश्थामा संस्था खारेजी गरी सम्पत्ति तथा ऋण व्यवस्थापन गर्न निर्णय गर्नुपर्नेमा पूनः सहकारी ऐन २०७५ को दफा २९(१) बमोजिम साधारण सभा गर्न निर्देशन दिएको ।

६. अरुण उपभोक्ता सहकारी संस्था, हाम्रो कृषि सहकारी संस्था, जनउत्थान वहुउद्देश्यीय सहकारी संस्था लगायतका वहुउद्देश्यीय तथा अन्य उद्देश्य लिई दर्ता भएका संस्थाहरुले मुख्य उद्देश्य बमोजिमका काम मात्र गर्नुपर्नेमा वचत ऋणको काम मात्र गरिरहेको अवश्थामा कानून बमोजिम अनुगमन निर्देशन दिई कारवाही समेत गर्न सकेको देखिदैन ।

७. संघीय तथा नगरपालिकावाट जारी भएको सहकारी ऐन बमोजिम ऋण दिँदा सेवा शुल्क लिन नपाउने अवश्थामा सेवा शुल्क भनी १ (एक) प्रतिशत लिइ रहेको अवस्था देखिन्छ ।

८. वचत तथा ऋणको मूख्य कारोवार गर्ने गरी दर्ता भएको संस्था वाहेक अन्य विषयगत वा वहुउद्देश्यीय संस्थाले वचत तथा ऋणको कारोबार गर्न नपाउने तथा ऐन प्रारम्भ हुनु अघि दर्ता गरेका त्यस्ता संस्थाले ३ (तीन) वर्ष भित्र बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका वखत उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्था दर्ता गर्नु पर्ने कानूनी व्यवस्था भएता पनि मिति २०८०/०३/२८ मा खाल्डे पाङसिङ वहुउद्देश्यीय सहकारी संस्थाको विनियमावली वचत तथा ऋण कारोवार गर्ने गरी संसोधन गर्न स्वीकृति दिएको देखिन्छ ।

९. वचत तथा ऋण सहकारी संस्थाले व्याजलाई पूँजीकृत गरी व्याज लिए नलिएको, सहकारी संस्थाले अन्य कम्पनीको शेयर खरिद गरे नगरेको आफ्ना सदस्यलाई मात्र ऋण लगानी गरे नगरेको, सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धी जानकारी लिने गरे नगरेको लगायतका विषयमा सुक्ष्म रुपमा अनुगमन, निरीक्षण, सुझाव, निर्देशन, कारवाही लगायतको काम भएको पाइदैन ।

१०. सहकारी ऐन २०७५ को दफा ७७ बमोजिम समस्याग्रस्त तथा मापदण्ड २०७८ बमोजिम निष्कृय संस्था पहिचान गरी सूचि तयार गरी आवश्यक कारवाही भएको अवश्था देखिदैन ।

११. कानून वमोजिम काम सम्पन्न गरी प्रतिवेदन, कागजात, जानकारी, विवरण दिनु पर्नेमा नदिने सहकारी संस्थालाई समयमा नै स्पष्टीकरण, निर्देशन दिने, कसुर वमोजिम कारवाहि र सजाय गर्ने जस्ता कार्य भएको देखिदैन ।

सैद्धान्तिक बेरुजु

६९.३ सुझाव तथा निष्कर्षः

१. लागू भएका कानूनमा एक रुपता कायम हुने गरी संसोधन गर्नुपर्ने,

२. बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन, सम्पत्ति शुद्धिकरण निवारण, सहकारी संस्थाको साधारण सभा, सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धन गर्ने सम्बन्धमा छुट्टा छुट्टै निर्देशिका वनाई लागू गरिनु पर्ने,

३. खारेज गरिएका सहकारी संस्थाको सम्पत्ति तथा ऋण व्यवस्थापनका लागि ऐनको दफा ६७ बमोजिम लिम्वीडेटर नियुक्त गरिनु पर्ने ।

४. वचतकर्ताहरुको वचत फिर्ता दिन नसक्ने दुई वर्ष भन्दा बढि अवधि वार्षिक साधारण सभा नगर्ने, प्रतिवेदन/रिपोर्ट नबुझाउने संस्थाको निरीक्षण, अनुगमन, अनुसन्धान गरी निष्कृय संस्थाको सूची राख्ने अथवा समस्याग्रस्त संस्थाको घोषणा गरी व्यवस्थापन गर्ने,

५. एउटा कानूनको दफा प्रयोग गरी समय दिई स्पष्टीकरण सोधे पश्चात सोही कानूनको दफामा उल्लेख भएको कारवाही गरिनु पर्ने/कानूनको अक्षरस कार्यन्वयन समयमा नै गरिनु पर्ने ।

६. वचत तथा ऋणको मूख्य कारोवार गर्ने गरी दर्ता भएका संस्था वाहेक अन्य विषयगत वा वहुउद्देश्यीय संस्थाले वचत तथा ऋणको कारोवार गर्न नपाउने हुँदा तथा ऐन लागू भएको ३ वर्ष समेत व्यतित भई सकेको हुँदा त्यस्ता संस्थाले गर्ने वचत तथा ऋणको कारोवारलाई तुरुन्त बन्द गराई वचतको व्यवस्थापन गराउनु पर्ने,

७. वचत तथा ऋण सहकारी संस्थाले कानून विपरीत लिई रहेको सेवा शुल्क समेतका शुल्क लिन बन्द गराउने तथा कानून विपरीत शुल्क लिने लगायतका काम गर्ने संस्थालई कानून बमोजिम कारवाही गरिनु पर्ने।

८. कानूनमा स्पष्ट रुपमा उल्लेख भएका प्रावधानहरु दर्ता गर्ने अधिकार प्राप्त अधिकारीले कडाइका साथ कार्यन्वयन गरिनु पर्ने,

९. व्याजलाई पूँजीकृत गरी व्याज लिने, अन्य कम्पनीको शेयर खरिद गर्ने, गैर सदस्य/संस्थालई ऋण दिने, समयमा नै प्रतिवेदन पेश नगर्ने, साधारण सभा नगर्ने लगायत कानून विपरीत काम गर्ने ऋण तथा वचत सहकारी संस्थाको सूक्ष्म र प्रभावकारी रुपमा अनुगमन निरीक्षण गरी कानून बमोजिम सजाय तथा कारवाही गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: धनकुटा नगरपालिका, धनकुटा , धनकुटा नगरपालिका , धनकुटा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मुक्ति नाथ सुवेदी | २०८०-२-१४ | २०८०-३-३१ |
| कार्यालय प्रमुख | दशरथ राई | २०८०-६-१० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | राम वहादुर थापा | २०७९-४-१ | २०८०-२-७ |
| लेखा प्रमुख | नर वहादुर भुजेल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,२०७,७५४.५ | १२,२८७,४८५.०२ | ११,५८४,९४२.०१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २६,०८०,१८१.५३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | २००,००० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २५,८८०,१८१.५३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५७४२४२०४.६९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६०४६९०१९.५४ | चालु खर्च | ४२९३९०७८६.८६ |
| प्रदेश सरकारबाट अनुदान | २९१७६२०२.४१ | पूँजीगत खर्च | २०६१९२७२७.९६ |
| राजश्व बाँडफाँट | ८८५३९२०९.५८ | वित्तीय/अन्य व्यवस्था | ३०५१९४९९.०५ |
| आन्तरिक आय | ४३४८३७७३.४२ | | |
| अन्य आय | २३५००८२३ | | |
| कुल आय | ६४५१६९०२७.९५ | कुल खर्च | ६६६१०३०१३.८७ |
| बाँकी मौज्दात | | ३६४९०२१८.७७ | |

**बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७८,८८,६८,६३३.७३ | ६५,२४,२५,३३५.९५ | | ६५,२४,२५,३३५.९५ | ६९,३२,८०,०१७.१२ | | ६९,३२,८०,०१७.१२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७५,८१,६५,०५२.०० | ६२,१६,६८,२०४.९५ | ० | ६२,१६,६८,२०४.९५ | ६८,१८,६१,१४९.१२ | ० | ६८,१८,६१,१४९.१२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११००० कर | ११ | १२,८८,६८,०००.०० | १०,१९,४२,९८३.१४ | ० | १०,१९,४२,९८३.१४ | ११,५५,१७,३१०.८९ | ० | ११,५५,१७,३१०.८९ |
| १३००० अनुदान | | ५६,५३,७३,०५२.०० | ४८,९६,४५,२२१.९५ | ० | ४८,९६,४५,२२१.९५ | ५३,२४,०५,९२३.८४ | ० | ५३,२४,०५,९२३.८४ |
| संघीय सरकार | १२ | ५३,०७,४६,०५२.०० | ४६,०४,६९,०१९.५४ | ० | ४६,०४,६९,०१९.५४ | ४९,३१,४६,६४५.८४ | ० | ४९,३१,४६,६४५.८४ |
| प्रदेश सरकार | १२ | ३,४६,२७,०००.०० | २,९१,७६,२०२.४१ | ० | २,९१,७६,२०२.४१ | ३,९२,५९,२७८.०० | ० | ३,९२,५९,२७८.०० |
| १४००० अन्य राजस्व | | २,८२,२०,०००.०० | २,८९,४९,६७९.०९ | ० | २,८९,४९,६७९.०९ | ३,३७,६४,९१४.३९ | ० | ३,३७,६४,९१४.३९ |
| १५००० विविध प्राप्ति | | २,००,०००.०० | ११,३०,३२०.७७ | ० | ११,३०,३२०.७७ | १,७३,०००.०० | ० | १,७३,०००.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ३,५५,०४,०००.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ३,०७,०३,५८१.७३ | ३,०७,५७,१३१.०० | | ३,०७,५७,१३१.०० | १,१४,१८,८६८.०० | | १,१४,१८,८६८.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ३,०७,०३,५८१.७३ | २,६२,४७,८१४.०० | ० | २,६२,४७,८१४.०० | ७०,००,०००.०० | ० | ७०,००,०००.०० |
| धरौटी | | ० | ४५,०९,३१७.०० | ० | ४५,०९,३१७.०० | ४४,१८,८६८.०० | ० | ४४,१८,८६८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७८,८८,६८,६३३.७३ | ६६,६१,०३,०१३.८७ | | ६६,६१,०३,०१३.८७ | ६७,६५,३०,६७५.६७ | | ६७,६५,३०,६७५.६७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७५,८१,६५,०५२.०० | ६३,६३,३९,९६६.७८ | | ६३,६३,३९,९६६.७८ | ६५,८८,२४,२०९.१६ | | ६५,८८,२४,२०९.१६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | २८,५०,४९,४०१.०० | २६,०५,२०,१९४.२१ | ० | २६,०५,२०,१९४.२१ | २३,४१,९०,५३२.८७ | ० | २३,४१,९०,५३२.८७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,०७,२९,५९९.०० | १३,९५,५७,८८३.३८ | ० | १३,९५,५७,८८३.३८ | १३,६३,४१,६६६.०० | ० | १३,६३,४१,६६६.०० |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ४,००,०००.०० | ४,००,०००.०० | ० | ४,००,०००.०० | ३,५४,६५५.८१ | ० | ३,५४,६५५.८१ |
| २५००० सहायता (Subsidy) | १८ | २,५४,२१,०००.०० | २,१४,३३,३१४.०० | ० | २,१४,३३,३१४.०० | ३,२७,८३,१२२.५० | ० | ३,२७,८३,१२२.५० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४०,००,०००.०० | ३३,०१,७००.०० | ० | ३३,०१,७००.०० | १,०३,३९,६५०.०० | ० | १,०३,३९,६५०.०० |
| २८००० अन्य खर्च | १८ | ४८,८४,०००.०० | ४१,७७,६९५.२७ | ० | ४१,७७,६९५.२७ | ३७,०८,९१०.९८ | ० | ३७,०८,९१०.९८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २७,६१,८१,०५२.०० | २०,६१,९२,७२७.९६ | ० | २०,६१,९२,७२७.९६ | २३,९६,०५,६७१.०० | ० | २३,९६,०५,६७१.०० |
| ३२००० वित्तीय सम्पत्ति | १८ | १५,००,०००.०० | ७,५६,४५१.९६ | ० | ७,५६,४५१.९६ | १५,००,०००.०० | ० | १५,००,०००.०० |
| घ. अन्य भूक्तानी | | ३,०७,०३,५८१.७३ | २,९७,६३,०४७.०९ | | २,९७,६३,०४७.०९ | ६७,६५,३०,६७५.६७ | | ६७,६५,३०,६७५.६७ |
| कोषहरु | | ३,०७,०३,५८१.७३ | २,६३,५१,२९०.०० | ० | २,६३,५१,२९०.०० | १,४४,८०,८५०.०० | ० | १,४४,८०,८५०.०० |
| धरौटी | | ० | ३४,११,७५७.०९ | ० | ३४,११,७५७.०९ | ३२,२५,६१६.५१ | ० | ३२,२५,६१६.५१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,३६,७७,६७७.९२) | | (१,३६,७७,६७७.९२) | १,६७,४९,३४१.४५ | | १,६७,४९,३४१.४५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,७४,२४,२०४.६९ | | ५,७४,२४,२०४.६९ | ४,५६,४२,७१५.२४ | | ४,५६,४२,७१५.२४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ४,३७,४६,५२६.७७ | | ४,३७,४६,५२६.७७ | ६,२३,९२,०५६.६९ | | ६,२३,९२,०५६.६९ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ३,६४,९०,२१८.७७ | | ३,६४,९०,२१८.७७ | ५,७४,२४,२०४.६९ | | ५,७४,२४,२०४.६९ |

**बेरूजु दफा २४ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| गो.भौ. नं/मिति | योजना | फर्मको नाम | बिल रकम | १५% कर | कट्टा गरेको | वाँकी रकम |
|---|---|---|---|---|---|---|
| २८।०७९।७।६ | कागते पाल्लेमार्ग सडक (२८ थान प्यान वीलबाट खरिद) | निगाले ढुवानी सेवा | ३३८४०० | ५०७६० | ८४६० | ४२३०० |
| ७५।०७९।०८।२७ | ल्याडफिल्ड साइड अमर पुरुष छात्रावास भवन | चाम्लिङ टेड्र सप्लायस | ३६५००० | ५४७५० | ९१२५ | ४५६२५ |
| १४२।०७९।१०।१५ | वडा नं ६ सडक मर्मत तथा सुधार | निर्जा ढुवानी सेवा | २७८००० | ४१७०० | ६९५० | ३४७५० |
| | | चाम्लिङ टेड्र सप्लायस | १४४००० | २१६०० | ३६०० | १८००० |
| १६०।०७९।१०।२० | कृषि सडक स्तरउन्नती(९ थान वील) | निगाले ढुवानी सेवा | १८०००० | २७००० | ४५०० | २२५०० |
| १८१।०७९।१०।२९ | देवान टार सडक मर्मत(१० थान वील) | साइमन ढुवानी सेवा | १७५००० | २६२५० | ४३७५ | २१८७५ |
| १८३।०७९।११।२ | २० थान प्यान वील | साइमन ढुवानी सेवा | ३७९६०० | ५६९४० | ९४९० | ४७४५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८५।०७९।११।२ | शाहीटोल जाने सडक मर्मत (५ थान वील) | तितुङ्ग ढुवानी सेवा | १३०००० | १९५०० | ३२५० | १६२५० |
| २०३।०७९।११।१० | तलेघर टोलवस्ती सडक(८ थान वील) | इमानुयल ढुवानी सेवा | १५६९०० | २३५३५ | ३९२३ | १९६१३ |
| ३३४।०८०।१।०५ | घुमाउने चौतारा देखि चुवावुङ सम्म ढल र वाल मर्मत (५ थान वील) | लक्ष्मी ढुवानी सेवा | ४०७००० | ६१०५० | १०१७५ | ५०८७५ |
| ३३६।०८०।१।१६ | माथिल्लो कोप्चे ड्रेन मर्मत मर्मत (६ थान वील) | धर्मगंगा ढुवानी सेवा | ९४५०० | १४१७५ | २३६३ | ११८१३ |
| ३५१।०८०।०१।१० | किराँत चोक देखि सशस्त्र क्याम सडक मर्मत (१३ थान वील) | निर्जा ढुवानी सेवा | २२८००० | ३४२०० | ५७०० | २८५०० |
| ३६४।०८०।०१।१४ | धर्मशाला सल्लेरी पात्लेखेल सडक मर्मत (१२ थान वील) | निर्जा ढुवानी सेवा | २०१२०० | ३०१८० | ५०३० | २५१५० |
| ३६५।०८०।१।१४ | धर्मोदय वेलवारी वेंरै सडक(९ थान वील) | जलकन्या ढुवानी सेवा | ६०००० | ९००० | १५०० | ७५०० |
| | | दिपिका सप्लायर्स | १२०००० | १८००० | ३००० | १५००० |
| ३८०।०१।२६ | लक्ष्मी नारायण मन्दिर निमार्ण (५ थान वील) | लकान्द्री बन्धु ढुवानी सेवा | ८५००० | १२७५० | २१२५ | १०६२५ |
| ४०४।०८०।१।३१ | छाउनी डाँडा ल्याडफिल्ड साइड पोखरेल टोल(२२ थान वील) | लकान्द्री बन्धु ढुवानी सेवा | ४४०००० | ६६००० | ११००० | ५५००० |
| ३९७।०८०।१।३१ | सभाहल निमार्ण उपभोक्ता समिति(२४ थान प्यान वील) | तितुङ ढुवानी सेवा | ४३२००० | ६४८०० | १०८०० | ५४००० |
| ५००।०८०।३।९ | पैयुँडाडा एक्लेबर सडक सोलिङ(५ थाना वील) | जलकन्या ढुवानी सेवा | १००००० | १५००० | २५०० | १२५०० |
| ५११।०८०।०३।१४ | दुग्धसहकारी छिङताङ सडक उ.स. (१० थाना वील) | जलकन्या ढुवानी सेवा | १९६००० | २९४०० | ४९०० | २४५०० |
| जम्मा | | | | ६७६५९० | ११२७६५ | ५६३८२५ |